# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ३२ | काठमाडौं | बिहीबार, ११ जेठ २०८० | Prabhab National Daily | Thursday, May 25, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## रविविरूद्ध फेरि मुद्दा

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको सांसद पद खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ । नागरिकता पुनःप्राप्ति गर्दा प्रक्रिया नपुऱ्याएको दाबीसहित युवराज पौडेल सफलले लामिछानेविरुद्ध रिट दायर गरेका हुन् । 'लामिछानेले अमेरिकी नागरिकता त्याग गरेको निस्सा पेस गर्न नसकेको र निस्सा पेस गर्न नसकेको कारणले नेपाल नागरिकता नियमावली २०६३ को नियम ११ बमोजिम पुनः नेपाली नागरिकता प्राप्त गर्न नसकेको प्रस्ट भएको छ,' रिटमा भनिएको छ, 'यो मुद्दाको अन्तिम निर्णय नभएसम्म सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ अन्तर्गत अन्तरिम आदेश जारी गरी निज लामिछानेलाई प्रतिनिधिसभा सदस्यको रूपमा कार्य गर्न रोक लगाइ पाऊँ ।'



नागरिकता पुनःप्राप्ति नगरेकै कारण गृहमन्त्री बनेको केही समयमै लामिछानेको सांसद पद खारेज भएको थियो । गत मंसिर ४ गते चितवन २ बाट निर्वाचित भएका लामिछाने पुस ११ गते उपप्रधान तथा गृहमन्त्रीमा नियुक्त भएका थिए । मन्त्री भएको एक महिना पुग्नासाथ सर्वोच्च अदालतको आदेशसँगै माघ १३ गते उनको सांसद पद खारेज भएको थियो । सांसद पद गुमेसँगै उनको मन्त्री र सभापति पदसमेत गुमेको थियो । लगत्तै नागरिकता पुनःप्राप्ति गरेका उनी रास्वपा सभापतिमा 'ब्याक' भए ।

उनको क्षेत्रमा वैशाख १० गते उपनिर्वाचन भयो । उपनिर्वाचनबाट पुनः निर्वाचित भएको एक महिना पुगेकै बेला उनीविरुद्ध सर्वोच्चमा अर्को मुद्दा दर्ता भएको हो ।

### पेसी १७ गतेका लागि तोकियो

निवेदक पौडेलले लामिछानेको सांसद पद खारेज गर्नुपर्ने दाबीसहित परमादेशको माग गरेका छन् । 'पुनः नेपाली नागरिकता कायम गरेको भन्ने प्रस्ट हुनेगरी नागरिकता जारी र प्राप्त नगरेसम्म निज रवि लामिछाने कुनै पनि राजनीतिक पदमा उम्मेदवार हुन, निर्वाचित हुन, मनोनयन हुन र मतदान गर्न नपाउने गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिपाऊँ ।'

रिटमा पौडेलले निर्वाचन आयोगलाई समेत विपक्षी बनाएका छन् । आयोग लामिछानेको बहकाउमा लागेर मतदाता नामावलीसमेत नवीकरण नगरी उम्मेदवार बन्न दिएको रिटमा दाबी गरिएको छ । 'निर्वाचन आयोगलगायतका विपक्षीहरू पनि निकै बहकावमा लागि निज रवि लामिछानेको मतदाता नामावली नवीकरणसमेत नगरी अर्थात् प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२(ख) अन्तर्गतको योग्यता समेतको अभाव हुँदाहुँदै पनि निजलाई चितवन क्षेत्र नं. २ मा भएको उपनिर्वाचनमा उमेदवार हुन् दिई निर्वाचित घोषणा गरी पुनःनेपाली नागरिकता नभएको व्यक्तिलाई संसद्मा पुऱ्याउने कार्य विपक्षीहरूबाट भएको छ,' रिटमा भनिएको छ । उक्त रिटका लागि जेठ १७ गते बिहान १० बजेका लागि पेसी तोकिएको छ ।

नक्कली शरणार्थी प्रकरण

# ३० जनाविरुद्ध मुद्दा

- २८ करोड ८१ लाख बिगो दाबी
- टोपबहादुर, बालकृष्ण, टेकनारायण, इन्द्रजित, शमशेर र टेकनाथमाथि राज्यविरुद्धको अपराधमा मुद्दा

■ जेबी योञ्जन

**काठमाडौं–** गिरोहसँग साँठगाँठ गरेर देशको अन्तर्राष्ट्रिय छविमा आँच पुग्नेगरी सरकारमै बसेर उच्च पदस्थ राजनीतिक नेतृत्व र कर्मचारीकै मिलेमतोमा भएको भुटानी शरणार्थी काण्ड अदालतमा पुगेको छ । प्रहरीको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालय काठमाडौंले बुधबार शरणार्थी प्रकरणमा ३० जनाविरुद्ध जिल्ला अदालतमा मुद्दाको अभियोजन गरेको छ ।

आरोपीहरूविरुद्ध २८ करोड ८१ लाख ७४ हजार ५०० रूपैयाँ बिगो माग दाबी पनि गरिएको छ । यो प्रहरीले सोमबार वकिल कार्यालयलाई अनुसन्धान प्रतिवेदनमार्फत दिएको रायभन्दा बढी हो ।

कार्यालय प्रमुख तथा सहन्यायाधिवक्ता अच्यूतमणि नेउपानेका अनुसार पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाणसहित ३० जनालाई विभिन्न कसूरमा मुद्दाको अभियोजन गरिएको छ । कार्यालयले ठगी, सरकारी कागजात कीर्ते, संगठित अपराध, राष्ट्रहित विरुद्धको अपराध, एकीकृत कसूर र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरमा मुद्दाको अभियोजन गरेको हो ।

'संगठित भएर योजनाबद्ध तरिकाले मुनाफा आर्जन गर्ने उद्देश्यले अमेरिका वा तेस्रो मुलुक पुनर्वासका लागि पठाइदिन्छु भनेर नेपाली नागरिकलाई प्रलोभन पारेर ठगी गरेको देखियो,' नेउपानले प्रभावसँग भने, 'पन्थी कार्यदलको प्रतिवेदनका अनुसूचीहरू नै फेरदबल गरेर कीर्ते गरेको पुष्टि भयो । संगठित भएर अपराध गरेको देखियो र देशको अन्तर्राष्ट्रिय छविमा आँच आउने र अपमान हुने कार्य गरेको देखियो । यससँगै प्रतिवादीहरूको सम्पत्ति छानबिन हुनुपर्छ भनेर मुद्दा दायर गरिएको हो ।'

आरोपितहरूमाथि लगाइएका अभियोगमध्ये सबैभन्दा धेरै सजाय र जरिवाना ठगी र कीर्तेसम्बन्धी कसूरमा छ । ती दुवै अभियोगमा सात-सात वर्ष जेल सजाय र ७०-७० हजार रूपैयाँसम्म जरिवाना तोकिएको छ । राज्यविरुद्ध अपराधमा पाँच वर्ष जेल सजाय र ५० हजार रूपैयाँसम्म जरिवानाको कानुनी प्रावधान छ ।

(बाँकी पृष्ठ २ मा)










### कसको भूमिका के ?

**टोपबहादुर रायमाझी**
मुख्य योजनाकार र निर्णयकर्ता । ठगीबाट करोडौं आर्जन

**बालकृष्ण खाण**
एक करोड २४ लाख लिएपछि पन्थी कार्यदलको कार्यदेश थप

**टेकनारायण पाण्डे**
नक्कली प्रतिवेदन तयारकर्ता, छ करोडभन्दा बढी लिएपछि नेताहरूलाई गुहार

**डा. इन्द्रजित राई**
ठगीबाट पैसा उठाउँदै साढे चार करोडबाट जग्गा खरिद

**टेकनाथ रिजाल**
३४ वटा नक्कली छापमा सहीछाप, ११ लाख लाभ

### जाहेरीकर्ताको दाबी

**गजेन्द्र बुढाथोकी–** ९ करोड ७८ लाख
**रामकुमार रेग्मी–** ३ करोड ८५ लाख
**प्रेमराज पन्थी–** ३ करोड ६६ लाख
**भेषराज लम्साल–** ३ करोड ३९ लाख ४७ हजार
**रोशन खरेल र गोकुल भट्टराई–** १ करोड ६२ लाख
**सुमन दाहाल–** १ करोड १४ लाख
**कुमार खड्का, प्रदीप फुयाँल र मिलन श्रेष्ठ–** ७० लाख
**पेम्बा शेर्पा–** ५४ लाख
**खगेन्द्र थेबे–** ३० लाख
**मानबहादुर खत्री–** २५ लाख
**दीलिप कार्की–** २२ लाख
**रवीन्द्र कार्की–** २० लाख
**डिलबहादुर कुसारी–** २० लाख
**पदमसिंह खत्री–** २० लाख
**शोभाराम राना क्षेत्री–** २० लाख
**सन्दीप वली–** २० लाख
**सुष्मा चन्द–** २० लाख
**डम्बरबहादुर खत्री–** १५ लाख ५० हजार
**समीर शिवाकोटी–** १५ लाख
**रोशन शिवाकोटी–** १५ लाख
**सन्तोष भट्टराई–** १४ लाख ५० हजार
**भुवनसिंह लिम्बू–** १० लाख

सन्दर्भ : वैदेशिक रोजगार

## भिजिट भिसामा खाडी मुलुक जानेमाथि निगरानी राख्न निर्देशन




■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले खाडीसहित मलेसियालगायतका मुलुकमा भिजिट भिसा लिएर जाने नेपालीहरूमाथि निगरानी बढाउन मातहतका निकायहरूलाई निर्देशन दिएको छ । गृह मन्त्रालयअन्तर्गत अध्यागमन विभागले भिजिट भिसामा खाडी मुलुकहरू, टर्की, फिलिपिन्स, थाइल्याण्ड र मलेसिया जाने नेपालीहरूमाथि बढी निगरानी गर्न निर्देशन दिएको हो ।

विभागले सबै अध्यागमन कार्यालयहरूलाई निर्देशन जारी गर्दै भिजिट भिसाको दुरूपयोग रोक्न र सम्भावित जोखिम न्यूनीकरण गर्न सतर्कताका साथ कार्य गर्नुपर्ने जनाएको छ । भिजिट भिसाको दुरूपयोग गरी मानव तस्करी हुनसक्ने सम्भावित ठाउँमा यात्रा गर्ने व्यक्तिहरूप्रति पूर्ण सतर्कताका साथ काम गर्न विभागका महानिर्देशक झलकराम अधिकारीले निर्देशन दिएका छन् । उल्लिखित मुलुकमा भिजिट भिसामा जाने व्यक्तिको आवश्यक कागजात, भ्रमणको उद्देश्य जस्ता विषयमा सूक्ष्म अध्ययन तथा क्रस भेरिफिकेसन गर्न पनि निर्देशन दिइएको छ । साथै, फर्जी कागजात भए/नभएको यकीन गर्न वैधता अध्ययन गर्नुपर्ने उल्लेख गरिएको छ ।

भिजिट भिसामा प्रस्थान अनुमति दिँदा नाता प्रमाणितलगायत आवश्यक कागजात अनिवार्यरूपमा 'नेपाल पोर्ट सिस्टम'मा अपलोड गर्नसमेत निर्देशन दिइएको छ । यतिमात्र नभई भिजिट भिसासम्बन्धी २०७९ फागुन २९ को सचिवस्तरीय निर्णयानुसार निर्धारित मापदण्ड पूर्णरूपमा कार्यान्वयन गर्ने गराउने सम्बन्धमा कार्यालय प्रमुखले अनुगमन गरी त्यसको जानकारी विभागलाई दिनुपर्ने छ । यस्तै कुनै पनि संघसंस्था, ट्राभल एजेन्सी, स्कुल/कलेज, सहकारी आदिले समूहगतरूपमा भिजिट भिसामा लैजाने हुँदा प्रचलित कानुनमा तोकिएको विषयका अलवा अन्य सबैमा उल्लेखित संघसंस्थाहरूलाई नै उत्तरदायी बनाउन पनि विभागले निर्देशन दिएको छ ।

## जेठ १८ देखि ओमानबाटै पुनः श्रम स्वीकृति

**काठमाडौं (प्रस)–** ओमानको मस्कटस्थित नेपाली राजदूतावासले पनि पुनः श्रम स्वीकृति दिन सुरु गर्ने भएको छ । दूतावासले बुधबार एक सूचना जारी गर्दै यही जेठ १८ गते अर्थात् जुन १ देखि पुनः श्रम स्वीकृति सेवा सुरु गर्ने जानकारी दिएको हो ।

यसअघि कतार र मलेसियास्थित नेपाली दूतावासले पुनः श्रम स्वीकृति दिन सुरु गरिसकेको छ । सरकारले विदेशमा रहेका श्रमिकहरूको सुरक्षा र सहजताको लागि भन्दै गन्तव्य मुलुकबाटै पुनः श्रम स्वीकृति दिने निर्णय गरेको थियो । दूतावासले श्रम स्वीकृति सकिएका वा पुनः श्रम स्वीकृति लिनुपर्ने श्रमिकहरूलाई अनलाइनमार्फत आवेदन दिन आग्रह गरेको छ । अनलाइन आवेदन दिनका लागि सरकारले बनाएको अनलाइन सफ्टवेयर वैदेशिक रोजगार व्यवस्थापन (फेइम्स्) प्रणालीमा आबद्ध हुनुपर्ने दूतावासले जनाएको छ । सबै प्रक्रिया अनलाइनबाटै हुने भएकाले सेवाग्रही दूतावासमा नै उपस्थित हुनु नपर्ने उल्लेख गरिएको छ ।

पुनः श्रम स्वीकृतिका लागि प्राप्त आवेदनको संख्याअनुसार थपघट हुनेगरी हाललाई दैनिक १५ वटा टोकन उपलब्ध गराई सेवा प्रक्रिया सुचारु गर्ने बताइएको छ । अनलाइन आवेदनका लागि पासपोर्ट साइजको फोटो, राहदानीको तस्बिर भएको पहिलो पेज, राहदानीमा लागेको आगमन र प्रस्थानको विवरण खुल्ने पेजहरू, करार सम्झौतापत्रको कपी, पुरानो श्रम स्वीकृति र भिसाको स्क्यान कपी अपलोड गर्नु पर्नेछ । अनलाइनबाट फाराम भर्दा श्रम स्वीकृति लिने ठाउँमा ओमानको मस्कटमा रहेको नेपाली दूतावास भनेर विकल्पमा छान्नुपर्छ । सबै प्रक्रिया पुऱ्याएर आवेदन दिएपछि श्रम स्वीकृतिको निस्सा पनि अनलाइनमार्फत नै प्राप्त हने दूतावासले जनाएको छ । तर, पुरानो श्रम स्वीकृति लिँदा बायोमेट्रिक नगरेको भए यसका लागि नेपालको वैदेशिक रोजगार कार्यालयमा उपस्थित भई बायोमेट्रिक गर्नुपर्ने दूतावासले जनाएको छ ।

त्यस्तै पुनः श्रम स्वीकृति लिनका लागि कामदारले कल्याणकारी कोष, जीवन बिमा र सामाजिक सुरक्षा कोषमा अनिवार्य तोकिएको रकम बुझाएको हुनुपर्नेछ । यसका लागि कनेक्ट आइपिएस, इसेवा र खल्तीजस्ता माध्यम प्रयोग गर्न सकिनेछ । दूतावासबाटै पुनः श्रम स्वीकृति लिन सकिने भएपछि ओमानमा रहेका नेपाली कामदारहरू लाभान्वित हुने बताइएको छ ।




# रातो मच्छेन्द्रनाथको भोटो जात्रा आज

■ प्रभाव संवाददाता



**काठमाडौं–** वर्षा र सहकालका देवता रातो मच्छेन्द्रनाथको भोटो आज देखाइँदै छ । भोटो जात्रालाई करिब ८०० वर्षअघिसम्म जावलाखेल जात्रा भनिन्थ्यो । जा (भात) वला (छर्ने) भएकाले यसलाई जावलाखेल जात्रा भन्ने गरिएको रातो मच्छेन्द्रनाथको भोटो जात्राको साइत हेर्ने काममा सक्रिय हुँदै आएका नेपाल पञ्चांग निर्णायक विकास समितिका पूर्वसदस्य कीर्तिमदन जोशीले जानकारी दिए । भूत, प्रेतलाई खाना दिन यो जात्रा गरिएको विश्वास छ ।

भोटो जात्रा सुरु भएको यकीन तिथिमिति अहिलेसम्म पत्ता नलागेको उनले बताए । मच्छेन्द्रनाथको यात्रा भने करिब एक हजार ३०० वर्षअघि नै सुरु भएको हो । किम्वदन्तीअनुसार यो यात्रा सुरु भइसकेपछि नागराज कर्कोटककी रानीको आँखा दुख्यो । कर्कोटक वैद्यको खोजीमा लागे । खेतमा काम गरिरहेका किसानलाई वैद्य ठानी नागलोकअर्थात् टौदह लगे ।

डराएका किसानले मच्छेन्द्रनाथको प्रार्थना गरी हात माडेर मयललाई औषधिका रूपमा कर्कोटकलाई दिए । औषधिले रानीको आँखा दुख्ने रोग निको भयो । पुरस्कारस्वरूप मणि माणिक्यले युक्त भोटो किसानलाई दिएर मनुष्यलोकमा फर्काइयो । किसानले भोटो खेतको डिलमा राखेर काम गर्न थाले ।

मनुष्यरूपी भूत आएर भोटो लग्यो । किसानले खोजे । पाएनन् । मच्छेन्द्रनाथको जात्रा हेर्न जाँदा आफूले पुरस्कारस्वरूप पाएको भोटो मनुष्यका रूपमा आएको भूतले लगाएको देखेर किसानले दावी गरे । भूतले दिन नमानेपछि विवाद भयो । कर्कोटक नागलाई समेत बोलाएर सोधखोज गरियो । अन्तिममा भोटोको अधिकारी दुवै हुन नसक्ने निष्कर्ष निकाली मच्छेन्द्रनाथको जिम्मा लगाइयो ।

आधिकारिक प्रमाणसहित आउनेलाई भोटो दिन रातो मच्छेन्द्रनाथको रथयात्रा सकेपछि भोटो जात्रा गर्ने परम्परा बस्यो । त्यो वर्षदेखि प्रत्येक साल साइत हेरेर भोटो देखाउने गरिएको जनविश्वास छ । अहिलेसम्म कसैले प्रमाण जुटाएर भोटो लैजान नसकेको किम्वदन्ती छ ।

पछिल्लो समय गुठी संस्थान ललितपुरका प्रतिनिधिले राष्ट्राध्यक्षको उपस्थितिमा भोटो देखाउने जात्रा गरिँदै आएको छ । यो जात्रा हेर्न आइतबार राष्ट्रपति रामचन्द्र पौडेल जाने छन् । यस अवसरमा सरकारले आज उपत्यकामा सार्वजनिक बिदा दिएको छ ।

## ३० जनाविरुद्ध...

पृष्ठ १ बाट जारी

संगठित अपराधमा पाँच वर्ष जेल सजाय र ५० हजार रूपैयाँसम्म जरिवानाको व्यवस्था छ । एकीकृत कसूरमा पनि मुद्दा दायर भएकाले सबैभन्दा बढी सजाय हुने कसूरको आधा सजाय थप हुन्छ ।

आरोपीहरू पूर्वउपप्रधानमन्त्री रायमाझी, पूर्वगृहमन्त्री खाण, पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई, गृह मन्त्रालय मातहतको हज समिति अध्यक्ष शमशेर मियाँ, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, मुख्य योजनाकारहरू केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण केसी, टंक गुरुङ, सागर राई, टोपबहादुरका छोरा सन्दीप, खाणका स्वकीय नरेन्द्र केसी, गोविन्द चौधरी र पूर्वसभासद आङटावा शेर्पा छन् ।

अन्य आरोपीहरू प्रतीक थापा, केशव तुलाधर, लक्ष्मी महर्जन, धीरेन राई, मोहनराज राई, दीपा हुमागाईं, सुनिल बुढाथोकी, विनिता साउदेन लिम्बू, निरञ्जनकुमार पोखरेल, हरिभक्त महर्जन, अशोक पोखरेल, राजेश अर्याल, निरज राई र आशिष बुढाथोकी हुन् ।

वकिल कार्यालयले यी तीसै जना आरोपीलाई ठगीमा सात वर्षसम्म कैद र ७० हजार रूपैयाँसम्म जरिवाना हुनुपर्ने माग गरेको छ । पीडितलाई मनासिव क्षतिपूर्ति भराउन पनि वकिल कार्यालयको माग छ ।

तत्कालीन गृहसचिव बालकृष्ण पन्थी संयोजकत्वको कार्यदलले सूचीकृत गरेको ४२ ९ जना भुटानी शरणार्थीको नाम उल्लिखित प्रतिवेदनको अनुसूचीहरू तत्कालीन गृहसचिव पाण्डेमार्फत बाहिर ल्याएर नक्कलीप्रति बनाएको अभियोगमा पनि तीसै जनालाई सरकारी कागज कीर्तेको कसूर लगाएको छ ।

यससँगै उनीहरूविरुद्ध आफूलाई लाभ हुने र अकुत सम्पत्ति कमाउने उद्देश्यले राष्ट्रहित प्रतिकूल काम गरेको र उनीहरूको यस्तो कार्यले नेपालको स्वाभिमान तथा अन्तर ाष्ट्रिय छविमा आँच पुऱ्याएको कसूर पनि लगाइएको छ । यस्तो कसूर रायमाझी, खाण, पाण्डे, रिजाल, इन्द्रजित र मियाँप्रति आकर्षित हुने भनिएको छ ।

सार्वजनिक पद धारण गरेका व्यक्ति भएकाले उनीहरूलाई राष्ट्रहितविपरीत कसूर गरेको अभियोगमा थप तीन वर्षसम्म कैद गर्न पनि सरकारी वकिल कार्यालयको माग छ । कार्यालय प्रमुख नेउपानले आरोपीहरूले एउटै विषयमा एकभन्दा बढी कसूर गरेको भन्दै एकीकृत कसूरको अभियोग लगाइएको बताएका छन् ।

आरोपीहरूमध्ये १४ जना अझै फरार छन् । फरार रहेकामा पूर्वगृहमन्त्री थापाका छोरा प्रतीक, इन्द्रजितका छोरा निरज, केशव तुलाधर, लक्ष्मी महर्जन, धिरेन राई, मोहनराज राई, दीपा हुमागाईं, विनिता साउदेन लिम्बू, सुनिल बुढाथोकी, निरञ्जनकुमार खरेल, हरिभक्त महर्जन, अशोक पोखरेल, राजेश अर्याल र आशिष बुढाथोकी हुन् ।

**थप अनुसन्धान**

चर्चित शरणार्थी काण्डमा पक्राउ परेका आरोपीहरूले पोलेकाहरूमाथि प्रहरीले अनुसन्धान थाल्ने भएको छ । सरकारी वकिल कार्यालयको अनुमतिबमोजिम प्रहरीले अनुसन्धान गर्न लागेको हो ।

यसअघि नै शरणार्थी काण्डमा एमाले उपाध्यक्ष तथा पूर्वगृहमन्त्री रामबहादुर थापा बादल, उनकै श्रीमती सांसद नैनकला थापा, कांग्रेस सांसदहरू डा. आरजु राणा र मञ्जु खाणको नाम पक्राउ परेका आरोपीहरूले पोलेका थिए । अब उनीहरूलाई प्रहरीले अनुसन्धान गर्नेछ ।

शरणार्थी काण्डमा पक्राउ परेकामध्येका केशव दुलालले पूर्वगृहमन्त्री थापालाई ६ जेठ २०७८ मा भएको राष्ट्रियसभा निर्वाचनअघि मन्त्री क्वाटर पुल्चोकमा बोलाएर नगदै तीन करोड लिएको बयान दिएका छन् । थापा पत्नी नैनकलालाई पनि एक करोड बुझाएको बयान केशवको छ ।

प्रकरणमै मुछिएकी डा. आर जुले अढाइ करोड रूपैयाँ लिएको पक्राउ परेका गिरोह सन्देश शर्माको बयान छ । सांसद मञ्जु खाणले साढे छ करोड लिएको बयान पनि सन्देश शर्माकै छ ।

अख्तियारका प्रमुख तथा पूर्वगृहसचिव प्रेमकुमार राई, पूर्वगृहसचिव महेश्वर न्यौपाने, पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्य, बागमती प्रदेशका पूर्वसांसद डा. अजयक्रान्ति शाक्य र राजेश्वर स्थापितको नाम पनि पोलिएको छ । उनीहरूमाथि पनि प्रहरी अनुसन्धान हुने भएको छ ।

# राणाकालीन दरबार संरचना नारायण भवनको अस्तित्व मेटिँदै

**ललितपुर–** ललितपुरको जावलाखेलमा जुद्ध शमशेरले उनका कान्छा छोरा नारायण शमशेरका लागि निर्माण गरिएको राणाकालीन दरबार संरचना नारायण भवन जीर्ण बन्दै गएको छ । २०७२ को भूकम्पपछि जीर्ण बन्दै गएको उक्त भवनमा अहिले बोटबिरुवा उम्रेका छन् । अबको दिनमा नारायण भवनको भविष्य के हुने हो कसैलाई थाहा छैन ।

भूकम्पका कारण राणाकालीन दरबार संरचना नारायण भवनको पूर्वतिरको भाग पूरै भत्केको छ । छाना भत्किन लागेको छ । पीपल, उत्तीसलगायतका बिरुवा उम्रेर र भवनको अस्तित्व हराउँदै गइरहेको छ । ऐतिहासिक दरबार संरचनाको पुनःनिर्माणको लागि कुनै पनि जिम्मेवारी निकायबाट पहल भएको छैन ।

पुनःनिर्माणका लागि पुरातात्त्विक विभाग र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणलाई पत्राचार गरेको तर ऐतिहासिक दरबार संरचना नारायण भवन निर्माणका लागि पहल नगरेको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका व्यवस्थापन अधिकृत उदय खनालले दुखेसो पोखे ।

'नारायण भवन एउटा ऐतिहासिक भवन हो । यसको संरक्षण गर्ने राज्यको जिम्मेवारी हो तर राज्यले ऐतिहासिक संरचनाको संरक्षण र पुनःनिर्माणका लागि चासो देखाएको छैन,' उनले भने, 'यस्ता प्रकारका ऐतिहासिक संरचना आफ्नै आँखा अगाडि भत्किएको देख्दा दुःख लाग्छ ।'

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका एक कर्मचारीका अनुसार, नारायण भवनमा विसं २०५१ देखि महिला विकास प्रशिक्षण केन्द्रको कार्यालय त्यहाँ रहेको थियो । महिला विकास प्रशिक्षण केन्द्रको कार्यालय त्यहाँबाट अर्को ठाउँमा सरेपछि राष्ट्रिय पञ्जीकरण विभागको कार्यालयल त्यहाँ थियो । २०७२ को भूकम्पले ऐतिहासिक दरबार संरचनामा क्षति पुऱ्याएपछि राष्ट्रिय राष्ट्रिय पञ्जीकरण विभाग त्यहाँबाट अर्को ठाउँमा सर्न बाध्य भएको थियो ।

राणाकालीन दरबार संरचना नारायण भवनअन्तर्गतको १६ रोपनी १४ आनामा फैलिएको जग्गा हाल स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको स्वामित्वमा छ । नारायण भवन, स्टिल टावर र त्यहाँ छेउमै रहेको नर्सरीलाई स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले भाडामा दिएको छ ।

२०७६ चैत ५ गतेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को निर्णयअनुसार स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको स्वामित्वमा रहेको महिला विकास प्रशिक्षण केन्द्रको भवन, चमेना गृह र प्रशिक्षण हल तालिम परियोजनका लागिमात्र प्रदेश सुशासन केन्द्रलाई हस्तान्तरण गरेको सूचना अधिकारी कृष्णप्रसाद भट्टराईले जानकारी दिए । उनले भने, 'बागमती प्रदेश सञ्चार रजिस्ट्रारको कार्यालय पनि रहेको छ तर त्यो विषयमा हामीलाई जानकारी छैन ।'

'कुनै समय आफू कार्यरत रहेको ऐतिहासिक भवन दिनप्रतिदिन जीर्ण हुँदै गएकामा दुःख लाग्छ,' एक कर्मचारीले भने, 'त्यहाँ धेरै महँगा काठ थिए । महँगा सामान पनि थिए तर उचित संरक्षण नगर्नुले ती सबै हराउँदै गइरहेका छन् । राज्यले यस्ता इतिहास बोकेका दरबार संरचनालाई संरक्षण तथा पुनःनिर्माणको पहल गर्नुपर्ने हो तर भूकम्प गएको दशक बित्न लाग्यो अझै पहल भएको छैन ।'

दिनप्रतिदिन जीर्ण हुँदै गएको राणाकालीन दरबार संरचना भत्किँदै गएको छ । घाँसले छोपिँदै गएको छ । संरक्षण नभएको कारण त्यहाँका काठ र अन्य सामान विस्तारै चोरी हुँदै गएका छन् । अस्तित्व हराउँदै गएको छ । सरकारले ऐतिहासिक संरचनाको पुनःनिर्माणका लागि पहल अझै गर्न सकिरहेको अवस्था छैन । हाल स्थानीय विकास प्रशिक्षण प्रतिष्ठा नारायण भवन पुनःनिर्माणको प्रतीक्षामा छ । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

FREE RECRUITMENT

कम्पनी : SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति २०७८/०६/२५ पूर्व स्वीकृति मिति २०८०/०२/१० LT. No. 248136 चलानी नं. ६०१६५३४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 133 | 27 | 2000 | ६५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 हुनेछ ।

अन्तरवार्ता हुने स्थान

Auricle Events,Maharajgunj Chowk, Kathamandu मिति: १९ गते (2nd June. 2023) मा हुनेछ ।

Manpower Office Kathamandu मिति: २०८० जेष्ठ २० गते (3th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60

P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977-1-5919243, 4568734

Cell : +977-9813083335,9851083996,9818119591,9823237412

Fax: +977-1-4460562, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ३१ जेष्ठ १० गते २०८० मा प्रकाशित Trust Nepal Overseas Pvt. Ltd. को Lot No. 279766 को विज्ञापनमा कम्पनीको नाम: **म्याक फुड सर्भिसेस (मलेसिया) एसडिएन बिएचडी** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. Trust Nepal Overseas Pvt. Ltd. Hotline No. 9802021361

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०१/१३ मा दर्ता भएको **के.टी.एम. एकेडेमी प्रा.लि. (दर्ता नं. १८८३५५)** को मिति २०८०/०२/१० गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५११९७६६**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०२/११

यस कम्पनीको मिति २०८०/०२/०१ मा सम्पन्न वार्षिक/बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **भियना पव प्रा.लि. (प्रा.लि. नं. २८१३८४** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गुरमेट बेकरी एण्ड क्याफे प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७७/०६/११ मा दर्ता भएको **पानस इनर्जी प्रा.लि. (दर्ता नं. २४३२१७)** को मिति २०८०/०२/०१० गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५११९७६६**

## हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७०/०३/३१ मा दर्ता भएको **प्रपोज फस्ट प्रा.लि. (दर्ता नं. ११४०४२)** को मिति २०८०/०२/१० गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५११९७६६**

## काठको सिलबन्दी वोलपत्रद्वारा लिलाम विक्रीको लागि ७ दिने सूचना

**दोश्रो पटक सुचना प्रकाशन मिति २०८०/०२/११**

कुसुम सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई नगरकोट वसपार्क चाँगुनारायण न.पा. वडा नं. ६ घाटगद्दीमा लट बनाई राखिएको पाटे सल्ला, गोब्रे सल्ला, खोटे सल्ला र अन्य जात समेत गरी काठ १४८०.७९ घ.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले प्रथम पटक मिति २०८०/०१/१६ मा सूचना प्रकाशन गरेकोमा उक्त अवधिभर कुनै बोलपत्र पर्न नआएको हुँदा दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र लटको सिलवन्दी बोलपत्र खरिद गरी ८ औं दिनमा दाखिला गर्न आह्ववन गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना नगरकोट नाल्दुङ पर्यटन वोर्ड विकास समिति, नगरकोटको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कुसुम सामुदायिक वन उपभोक्ता समूह**
**चाँगुनारायणा न.पा. ६, भक्तपुर**

## दुधौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**दुधौली, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति : २०८०/०२/११**

उपरोक्त सम्बन्धमा यस कार्यालयको ठेक्का नं. २२/२०७९/०८० मिति २०८०/०१/०५ गते प्रकाशित कृषि उपकरण आपूर्ति कार्यको सूचना अनुसार मिति २०८०/०२/०४ गते दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिन दिनको २:०० बजे खोल्दा दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु मध्ये सबैभन्दा कम दररेट अंक कवोल गर्ने तपशिलको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्न यस कार्यालयमा मिति २०८०/०२/०५ गते बसेको दरभाउपत्र मूल्याङ्कन समितिबाट सिफारीस भई आएकोले सो सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० उपदफा ५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १० को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**तपशिल**

| सि. नं. | सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | लागत अनुमान अंक मु.अ.कर सहित | दरभाउपत्रदाताको कबोल अंक मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|
| १ | रंजितकार इन्टरप्राइजेज | २५,५७,६१०/- | २०,५०,९५०/- | १९.८% घटी |

**प्रमुख प्रशासकिय अधिकृत**

# चारबुँदे सहमतिपछि बिनुले तोडिन् अनशन



■ प्रभाव संवाददाता

**काठमाडौं–** पन्ध्र दिनदेखि अनशनरत सत्याग्रही बिनु यादव र सरकार पक्षबीच चारबुँदे सहमतिसहित सत्याग्रह तोडिएको छ । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले यादवको माग सम्बोधनका लागि आश्वासन दिएपछि बुधबार जुस पिलाएर यादवको सत्याग्रह तोडिएको हो । बिनुको सत्याग्रहका मागमध्ये यादवमाथि पवन कठायतले जबर्जस्ती करणी उद्योग गरेको मुद्दाको निवेदनउपर कारबाहीका लागि गृह मन्त्रालयले महान्यायाधिवक्ताको कार्यालय पठाउने सहमति भएको छ ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले सरकारले यादवको माग सम्बोधनका लागि सम्पूर्ण प्रयत्न गर्ने आश्वासन दिए । 'कत्रोकत्रो केसको अनुसन्धान गरिरहेका छौं भने यो केस अनुसन्धान गर्न सक्दैनौं र !,' उनले भने, 'जहाँ अन्याय र पीडा छ त्यसलाई सम्बोधन गर्नुपर्छ भनेर हामी लागिरहेका छौं । तपाईंलाई हाम्रो सम्पूर्ण प्रयत्नका साथ न्याय दिन्छौं ।'

यादवले सहमतिअनुसार आफ्नो माग पूरा गर्न उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठसँग अनुरोध गरिन् । 'सरकारसँग भएको सहमतिअनुसार मेरो माग पूरा नभए म आत्मदाहको बाटोसमेत रोज्नसक्छु,' उनले भनिन् ।

अदातलमा विचाराधीन रहेका विषय अदालतबाट न्यायिक निरूपरण हुने, अन्य मागका सम्बन्धमा क्षेत्राधिकार रहेको सम्बन्धित निकायमा लेखी पठाउने, यादवको स्वास्थ्योपचार गर्ने र उनको जीविकोपार्जनका लागि आवश्यक सहयोग गर्न महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लेखी पठाउने सहमति भएको छ ।

यादव विगत १५ दिनदेखि कालीमाटी प्रहरीलाई वि.सं. २०७५ मा आफूमाथि जबर्जस्ती करणीको उजुरी फिर्ता गर्न लगाउने तत्कालीन प्रहरी नायब उपरीक्षक (डिएसपी) सुरज कार्कीमाथि कारबाही र अन्य विभिन्न पाँचबुँदे मागसहित माइतीघर मण्डलामा सत्याग्रह बसेकी थिइन् । उनले न्यायाधीश बद्रीप्रसाद ओली र यादवको काका ससुरा पवन कठायतलाई कारबाहीको माग गरेकी थिइन् ।

# करिडोरमा अव्यवस्थित बसोबासी तगारो

**काठमाडौं–** निर्माण सुरु भएको साढे दुई दशक बित्दासमेत अव्यवस्थित बसोबासका कारण बागमती करिडोरको निर्माण सकिएको छैन । सहरको मध्यभागमा समस्या नभएका ठाउँमा ट्र्याक खोलिइसकिएको भए पनि तिलगंगा, थापाथली, बल्खुलगायतका क्षेत्रमा अव्यवस्थित बस्तीले गर्दा ट्र्याक खुल्न बाँकी रहेको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका सूचना अधिकारी कमल अर्यालले बताए ।

बानेश्वर क्याम्पस क्षेत्रमा एकातिर मात्रै खुलेको छ भने अर्कातर्फ खुल्न सकेको छैन । तिलगंगाबाट अगाडि देब्रे सडक मात्रै खुलेको छ । उनले भने, 'तीनकुने पुलबाट दायाँतर्फ सिनामंगल पुल नजिकै दुई किमी सडक खुल्न सकेको छैन ।'

अव्यवस्थित बसोबासीका विषयमा राष्ट्रिय मुद्दा बनेको र यसको समाधान भएपछि मात्रै ती स्थानमा सडक निर्माण गर्न सकिने उनले बताए । तिलगंगादेखि सिनामंगलसम्म पाँच/छ सय र थापाथलीमा २४३ घरधुरीको बसोबास करिडोर सडक निर्माण गर्ने स्थानमा रहेको छ ।

राष्ट्रिय भूमि आयोगले पहिले त्यस समस्याको समाधान गरेपछि मात्रै करिडोर निर्माण अघि बढ्न सक्ने सूचना अधिकारी अर्यालले बताए । आयोग र सम्बन्धित स्थानीय तहको भूमिका बढी रहेको उनको भनाइ छ । उनले भने, 'वास्तविक सुकुम्बासी को हुन् को होइनन् भन्ने भएपछि थप काम गर्न सकिनेछ ।'

तीनकुनेबाट बुद्धनगर हुँदै थापाथलीसम्मका खण्डमा सडक बनिसकेको छ । शंखमूलमा च्यासल मैदानबाट मनोहरातर्फबाट आउँदाका खण्डमा ट्र्याक खुल्न बाँकी रहेको अर्यालले बताए । शंखपार्क क्षेत्रमा काठमाडौंतर्फ ट्र्याक खुलेको छ भने ललितपुरतर्फ खुलेको छैन । शंखमूलबाट ललितपुरतर्फ निरन्तर जाँदा चक्रपथ बल्खु हुँदै सुन्दरीघाटसम्म सडक पुग्छ । सुन्दरीघाटबाट पनि अस्थायी बाटो चोभारको मोर्डन इन्डियन स्कुलको अगाडिसम्म पुगेको उनले जानकारी दिए । उनले भने, 'थापाथलीमा अस्थायी बसोबासीको घर धेरै हुँदा समाधान नहुँदासम्म गर्न सकिँदैन ।'

विष्णुमती दोभानबाट अघि बढ्दा फलफूल बजारतिर अघि ट्र्याक खुलेको र अबका दिनमा त्यसलाई स्तरोन्नति गरिने समितिको योजना छ । समितिको कार्यक्षेत्र बागद्वारबाट कटुवाल दहसम्म ४४ किलोमिटर हो । सुरु र अन्तिम खण्डमा निर्माण हुन बाँकी छ भने बीचका खण्डमा पनि समस्या नभएका खण्डमा मात्रै निर्माणको काम भएको छ ।

करिडोर निर्माणको काम अव्यवस्थित बस्ती भएको ठाउँमा नै बढी बाँकी रहेको समितिले जनाएको छ । अरु कतिपय ठाउँमा अरु संरचनाका कारण पनि करिडोर निर्माण अघि बढ्न नसकेको पाइएको छ । कतै विद्यालय, क्याम्पस र वृद्धाश्रमलगायतका संरचना रहेकाले निर्माण हुन नसकेको उनले बताए । उनले भने, 'अहिले त्यो सारेर काम अघि बढिरहेको छ ।'

काठमाडौंका मुख्य सडकमा रहेको सवारी चाप कम गर्नेसँगै बागमती र त्यसको सहायक नदीको संरक्षण गर्ने उद्देश्यले सडक निर्माण र नदी संरक्षणको काम सुरु गरिएको थियो । समिति एक्लैले नसक्ने हुँदा अहिले आएका समस्या समाधानमा सरोकार राख्ने सबै निकाय मिलेर गर्नुपर्ने सूचना अधिकारी अर्यालले बताए । *रासस*

## रोमनीया/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KF Furniture Export Sdn Bhd
पूर्व स्वीकृति मिति २०७९/०३/०९ पुन स्वीकृति मिति २०७९/०३/१० LT. No. 265274 चलानी नं. ६०१८१५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 4 | 0 | 1500 | ४३५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GUNUNG SERAYA WOOD PRODUCTS SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०३/०९ पुन स्वीकृति मिति २०७९/०३/१० LT. No. 265332 चलानी नं. ६०१८१५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 17 | 0 | 1500 | ४३५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : INTERNATIONAL WORK FINDER (ROMANIA)
पूर्व स्वीकृति मिति २०७९/04/0६ पुन स्वीकृति मिति २०७९/०३/१० LT. No. 267209 चलानी नं. ६०१८४१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 17 | 4 | 550 | १५७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housemaid | 0 | 10 | 550 | १५७९८ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:४०,०००/-

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL (ROMANIA)
पूर्व स्वीकृति मिति २०७९/04/0६ पुन स्वीकृति मिति २०७९/०३/१० LT. No. 267208 चलानी नं. ६०१८४१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 0 | 7 | 550 | १५७९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housemaid | 0 | 10 | 550 | १५७९८ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:४०,०००/-

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

आज मिति २०८०/२/११ गते प्रकाशित हुनु पर्नेमा भुलबस मिति २०८०/२/१० गते प्रकाशित भएकोमा सच्चाइएको छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FRIENDSHIP INTEGRATED BUSINESS
पूर्व स्वीकृति मिति : २०८०/०२/०९ LT. No.286367 चलानी नं. ६०२०१९५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 4 | 1000 | ३६४२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
श्रम ईजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653,
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## मलेसिया/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALLIED ENGINEERING CONSTRUCTION SDN.BHD.
पूर्व स्वीकृति मिति : २०७९/११/२९ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/१० LT. No. 282388 चलानी नं.६०१९८०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 170 | 0 | 1500 | ४३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MAJESTIC RESTAURANT MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति २०७९/०९/२४ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/१० LT. No. 278991 चलानी नं.६०१९४५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 3 | 0 | 130 | ५६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Butcher | 2 | 0 | 140 | ६०,६०० | | | | | | | |
| 3 | Cold Kitchen-cook | 2 | 0 | 130 | ५६,२७० | | | | | | | |
| 4 | Hot Kitchen-cook | 3 | 0 | 150 | ६४,९३० | | | | | | | |
| 5 | Housekeeping | 0 | 3 | 110 | ४७,६१५ | | | | | | | |
| 6 | Indoor Cleaner | 10 | 0 | 85 | ३६,७९५ | | | | | | | |
| 7 | Kitchen Helper | 8 | 0 | 100 | ४३,२८५ | | | | | | | |
| 8 | Labour | 3 | 0 | 120 | ५१,९१५ | | | | | | | |
| 9 | Security Guard | 20 | 0 | 130 | ५६,२७० | | | | | | | |
| 10 | Sisha Maker | 0 | 5 | 120 | ५१,९१५ | | | | | | | |
| 11 | Steward | 10 | 0 | 100 | ४३,२८५ | | | | | | | |
| 12 | Waiter/waitress | 16 | 3 | 120 | ५१,९१५ | | | | | | | |

कम्पनी : VINE GRAPE LEAVES RESTAURANT COMPANY.
पूर्व स्वीकृति मिति २०८०/०१/२१ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/१० LT. No. 285485 चलानी नं.६०१९८३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Helper | 0 | 21 | 85 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :O.M. (M) SDN BHD
पूर्व स्वीकृति मिति:२०७९/०५/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१० LT. No. 270065 चलानी नं. ६०१९५९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Nepal Recruitment Consultancy Pvt. Ltd.
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUDA PACKAGING INDUSTRIES SDN.BHD
पूर्व स्वीकृति मिति २०७९/०९/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१० LT. No. 279084 चलानी नं. ६०१९४८११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

कम्पनी : NATIONGATE SOLUTION (M) SDN. BHD.
Pre Approval Date : 2023-05-23 पूर्व स्वीकृति मिति : २०८०/०२/०९ LT. No. 286482 एल टि न. २८६४८२ Invoice No. 60201900 चलानी नं. ६०२०१९००

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वर्कर Factory Worker (Manufacturing Sec.) | २२० 220 | 0 0 | आधारभूत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४३,५९५ 43,595 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोट: आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
MERIDIAN OVERSEAS P.LTD. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : २०८० जेठ १७ गते (31st May. 2023)

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रकिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

नोट LT no. 286482 को विज्ञापन मिति २०८०/०२/१० गते प्रकाशित हुनुपर्नेमा भुलवस छुटन गएकोले आजको मितिमा प्रकाशित गरिएकनो छ ।

Meridian Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Bashundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सांसदहरू बहकाउमा नलाग

यतिबेला दिनहुँजस्तो संसद् जारी छ। संसद् जारी हुनुको एउटै ध्येय हो– नीति तथा कार्यक्रममाथि आलोचनात्मक टिप्पणी र सुझाव लिन। नीति तथा कार्यक्रम जेठ ५ गते राष्ट्रपति रामचन्द्र पौडेलले संसद्मा प्रस्तुत गरे। यो कार्यक्रम सरकारले ल्याउने बजेटको जग हो। यही जगबारे संसद्मा बहस छेड्नपर्नेमा अहिले धेरैजसो सांसदहरू बहकाउमा लागेका छन्।

अधिकांश सांसदको ध्यान अहिले शरणार्थी प्रकरणतिर छ। बजेट निर्माणका लागि सरकारले ल्याएको नीति तथा कार्यक्रम पढेर सुझाव दिनुपर्ने सांसदहरू पटचारलाग्दो तरिकाले शरणार्थी प्रकरणमा आफ्नो भनाइ राखिरहेको छन्। सबै सांसदहरू निष्पक्ष छानबिन गर्नुपर्ने भन्दै औंला ठड्याउन भ्याएकै छन्। नक्कली शरणार्थी प्रकरणको लिड अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहालले गरिरहेका छन्। दाहालले आँटेकै कारण यस्तो संगठित अपराधको जालो तोडिएको हो। प्रहरी प्रशासन, अदालतबाट प्रक्रिया र प्रणालीमार्फत यो अपराधको निचोड लाग्नेछ नै। र, पीडितहरूले अब न्याय पाउने छ नै। तर, यस्तो गम्भीर प्रकृतिको प्रकरण बाहिर नआउँदासम्म तै चुप मै चुप गरी बसेका सांसदहरूको अहिलेको रोदन बेकार नै मान्नुपर्छ। भलै ठूला माछा उम्कन दिन नहुने उनीहरूको माग जायज मान्नुपर्छ।

तर बजेटको जगका लागि छलफल गर्नुपर्ने समय सरकारले कच्यापकचाप पारिसकेको इस्यूमा बग्नु कतिको ठीक होला ? यही प्रकरणले नीति तथा कार्यक्रमको मुल मुद्दा अहिले सुनिएको छैन। प्रमुख प्रतिपक्ष दलका नेता केपी ओलीको 'क्रिटिकल' समीक्षासमेत अहिले चर्चामा छैन। नीति तथा कार्यक्रम सुधारका लागि संसद्मा प्रस्तुत हुन्छ। सुझाव संकलन गरेर संशोधन गरिन्छ। तर, सांसदहरूले यो परम्परागत भन्दै अर्कै विषयतिर बरालिनु नीतिसंगत हुन्न होला।

यही प्रकरणका कारण नागरिकता विधेयकको विषय छायामा परेको छ। खेतीको समय सुरु भइसकेको अवस्था छ। किसानले समयमै मल नपाउने सम्भावना बढ्दो छ। बालीमा बेलैमा मल हाल्न नपाउँदा उत्पादनमा ह्रास आउँछ। आर्थिक संकट चुलिँदो अवस्थामा पुगेको बेला यसले देशलाई थप क्षति पुग्नेछ नै। ऋणको पारो उकालो लागेको बेला सांसदहरू यसरी एउटा प्रकरणका पछि लाग्नु साँच्चिकै उदेगलाग्दो छ। कुनै योजनाबिना सांसदको रोस्टममा चिच्याउनमात्र जनताले चुनेर तिनलाई पठाएका हुँदैनन्। जनता चाहन्छन्, संसद्ले विषयलाई सेल घुमाएझैं नघुमाउन् बरु समाधानका तरिका प्रस्तुत गरुन्।

# 'सगरमाथा खुट्टाले होइन आत्मबलले चढें'

मलाई सगरमाथा चढ्नका लागि भने लामो समय लाग्यो। मैले सन् २०१८ मै सगरमाथा आरोहणको योजना बनाएको थिएँ। तर, सरकारले दुई आँखा र दुई खुट्टा नहुनेलाई आरोहणमा प्रतिबन्ध लगायो। यसका विरुद्ध हामी अदालत गयौं र त्यहाँबाट बाटो खुल्यो। सन् २०१९ मा आरोहणका लागि आवश्यक रकम जुटाउन सकिनँ। त्यसपछि कोरोना महामारीका कारण योजना पाँच वर्ष पछाडि धकलियो। तर, यसपटक भने सफल भएँ।



**हरि बुढामगर**
**कीर्तिमानी आरोही**

सगरमाथा आरोहणसँगै मैले नयाँ कीर्तिमान कायम गरेको छु। झट्ट हेर्दा म एक्लैले सगरमाथा चढेकोजस्तो देखिन्छ। तर, यथार्थमा मलाई सगरमाथा चढ्न धेरै मनकारीहरूको साथ र सहयोग छ। विशेषगरी शेर्पा पथप्रदर्शक र सहयोगीविना यो सम्भव हुने थिएन।

मेरो परिवार यतिबेला बेलायतमा छ। मेरो यो सफलतामा बेलायतमा रहेको परिवारले ठूलो साथ दिएको छ। त्यतिमात्रै होइन, नेपाल र विश्वका कुना-कुनाबाट मलाई फोन कल र सन्देशमार्फत हौसला प्रदान गर्ने धेरै हुनुहुन्छ।

म कुनै समय विक्षिप्त भई आत्महत्या गर्ने सोचमासमेत पुगिसकेको थिएँ। रक्सीको लतमा फसेर जीवन बर्बाद गर्ने अवस्थासम्म आएको थियो तर त्यसबाट बाहिर निस्किर आज यो अवस्थामा आइपुग्न साथ दिने सबै मेरो यो सफलतामा म जत्तिकै हकदार हुनुहुन्छ।

हामी नेपालीहरू सगरमाथा, बुद्ध र गोरखालीको देशका रूपमा विश्वभर परिचित छौं। यी तीन वटै कुरामा म व्यक्तिगतरूपमा जोडिएको छु। स्कुल पढ्दा हामीले सगरमाथाबारे पढेका थियौं। तेन्जिङ नोर्गे शेर्पा र सर एडमण्ड हिलारीले सगरमाथा चढेका कथा सुन्दा म पनि चढ्न पाए हुन्थ्यो भन्ने हुन्थ्यो। तर, करिअर बनाउने सिलसिलामा ब्रिटिस आर्मीमा भर्ना हुन पुगे। त्यहाँ केही समय सेवारत भए। सेवाकै क्रममा अफगानिस्तान तैनाथ हुँदा युद्धमा परी म घाइते हुन पुगे। फलस्वरूप मेरा घुँडासम्मका दुवै खुट्टा गुमे।

घाइते भएपछि मेरा पीडाका दिन सुरु भए। शारीरिक र मानसिक पीडाले लामो समयसम्म दुःख दियो। मेरो भाग्य र कर्ममै खोट रहेछ, पुरानो जन्मको फल होला भन्दै आफैंलाई कैयनपटक धिक्कारेको छु। अब मेरो जिन्दगी नै सकियो भन्ने निचोडमा पुगिसकेको थिएँ।

त्यही बेला पीडा भुलाउन रक्सी बाहना बन्यो। करिब डेढ वर्षसम्म रक्सीको लतमा जीवन डुब्यो। यतिसम्म कि रक्सी नपिउँदा शरीर काम्न थाल्यो। हरेक दिन रक्सी अनिवार्य जस्तै बन्यो। कतिपटक आत्महत्या गर्ने सोच पलायो अहिले भन्न सक्दिन। तर आफू मरेर परिवार र सन्तानलाई किन पीडा दिनु ? भन्ने सोचले आत्महत्या पनि गर्न सकिनँ।

लामो समयसम्म रक्सीको लतमा फसे पनि केही समयपछि भने मनमा बाँच्ने रहर पलाएर आयो। घर परिवार र सन्तानको मायाले मलाई आफू बाँच्नुपर्छ भन्ने लाग्यो। म आफूलाई खेल तथा साहसिक गतिविधिमा केन्द्रित गराए। यो मेरो जीवन परिवर्तन गर्न सहयोगी बन्यो। यसैक्रममा स्की खेल्न युरोप र अमेरिकामा पनि पुगें।

एड्भेञ्चर खेल खेल्दा विद्यालयमा छँदा पढेको आफ्नै सगरमाथाको तस्बिरले पछ्याउन थाल्यो। विश्वका अन्यत्र स्थानका हिमाल देख्दा सगरमाथाको झल्को अझ बढ्न थाल्यो। यसबीच मैले माउन्टेनरिङसम्बन्धी तालिम लिएँ। माउन्टेन प्रशिक्षक भएर काम पनि गरें। अपांगता भएर पनि स्की खेल खेल्ने नेपालमा पहिलो खेलाडी पनि बने। तालिमका क्रममा गोसाइँकुण्डसम्म पुगें।

हाइ अल्टिच्युडमा कस्तो हुन्छ ? शारीरिक रूपमा सम्भव छ वा छैन भन्ने अनुभव भयो। स्की खेल्दा सुरुमा दुवै खुट्टाले खेले पनि पछि बसेर खेल्न थाले। जर्मनी र अस्ट्रियामा रहँदा भेटिएका म जस्तै १२/१५ जना साथीहरूका बीचमा आफूलाई अब्बल सावित गर्न सफल भएँ। यी सबै अनुभवले मलाई इच्छाशक्ति भयो भने असम्भव केही छैन भन्ने पाठ सिकायो।

मलाई सगरमाथा चढ्नका लागि भने लामो समय लाग्यो। मैले सन् २०१८ मै सगरमाथा आरोहणको योजना बनाएको थिएँ। तर, सरकारले दुई आँखा र दुई खुट्टा नहुनेलाई आरोहणमा प्रतिबन्ध लगायो। यसका विरुद्ध हामी अदालत गयौं र त्यहाँबाट बाटो खुल्यो। सन् २०१९ मा आरोहणका लागि आवश्यक रकम जुटाउन सकिनँ। त्यसपछि कोरोना महामारीका कारण योजना पाँच वर्ष पछाडि धकलियो। तर, यसपटक भने सफल भएँ। मलाई धेरैले प्रश्न गर्छन्, दुवै खुट्टा नभएकाले कसरी सगरमाथा चढिस् ? म भन्छु, मैले खुट्टाले होइन, आत्मबलले सगरमाथा चढेको हुँ।

यसअघि मैले मोन्ट ब्लांक (चार हजार ८१० मिटर), चुलु सुदूरपूर्व (छ हजार ५९ मिटर), किलिमञ्जारो (पाँच हजार ८९५ मिटर) र मेरापिक (छ हजार ४७६ मिटर)लगायतका हिमाल आरोहण गरिसकेको छु। साथै, सगरमाथा आधार शिविर पुग्ने र सगरमाथामाथि स्काई ड्राइभ गर्ने 'डबल एम्प्युटी एभोब एभोब नी' को रेकर्ड पनि मेरो नाममा छ।

#### आधार शिविरमा १८ दिन

सगरमाथा आरोहणका क्रममा हामी अप्रिल ५ मा मेरापिक बस्यौं। दुई पटक मेरापिक चढेपछि हामी सगरमाथाको आधार शिविर पुग्यो। मौसम बिग्रिएकाले आधार शिविरमा १८ दिन बस्यौं। मौसम सफा हुँदै गएपछि दोस्रो आधार शिविरतर्फ लाग्यौं। त्यहाँ मौसमले साथ नदिएपछि म पहिलो आधार शिविर फर्किए। साथीहरूले त्यहीँ बसेर अन्य व्यवस्थापकीय काममा जुट्नुभो। जब मौसम अनुकूल भयो हामी सगरमाथा चढ्न सक्यौं। सगरमाथा आरोहणमा निकै ठूलो पीडा भोग्यौं। समूहका सबै साथीहरू चुचुरोसम्म पुग्न सक्नुभएन। सगरमाथा चुचुरोबाट धेरै फोटो खिच्ने र त्यहाँबाट हिमालहरू हेर्ने सपना भने मौसम बिग्रिएकाले पूरा हुन सकेन।

अब मैले बाँकी जीवन सामाजिक काममा सक्रियताका साथ बिताउने योजना बनाएको छु। पुरानो उपलब्धिका आधारमा सामाजिक कार्यमा सक्रिय हुनेछु। मलाई जस्तै अवस्था अरुलाई नआओस् भन्ने चाहना छ।

अब फाउन्डेसनमार्फत सशक्तीकरणमा लाग्ने योजना बनाएको छु। यसमार्फत एकजनाको मात्रै जीवनमा सुधार ल्याउन सकियो भने त्यसले सकारात्मक ऊर्जा दिन्छ। अवसरबाट वञ्चित र साहसिक कार्यप्रति रुचि भएकालाई हौसला दिने योजना बनाएको छु।

ममा अझै पनि खुट्टा गुमाउँदाको पीडा ठूलो छ। युद्धका कारण मैले दुवै खुट्टा गुमाएको छु। युद्धका कारण मेरो जीवनमा परेको असर म भुल्न सक्दिनँ। त्यसैले विश्वमा अशान्ति मच्चाउनेहरूलाई सगरमाथाको शीरबाट शान्तिको कामना गर्न चाहन्छु।

*(सगरमाथा आरोहण गरी मंगलबार काठमाडौं फर्केपछि कीर्तिमानी आरोही बुढामगरसँग राष्ट्रिय समाचार समितिका समाचारदाता सिबी अधिकारीले गरेको कुराकानीमा आधारित)*

## मननयोग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो। उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन। म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु। ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन्।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ। विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए। वस्त्र बदली स्नान गर्न कुवातिर लागे। आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु।'

क्रमशः

## पत्र–मञ्जुषा

# नागरिक अगुवा र अभियन्ता किन मौन ?

पछिल्लो समय मुलुकमा नागरिक अगुवा, अभियन्ता, अर्थविद् वा विज्ञ भनिनेहरूको ओइरो लागेको छ। समाजमा भएको भ्रष्टाचार, लुट, ठगीधन्दालगायत अन्य बेथितिको विरोधमा आवाज उठाउने भन्दै अभियन्ता बन्ने क्रम बढिरहेको छ। तर, उनीहरू अभियन्ता वा विज्ञ बन्नुपछाडिको कारणचाहिँ के हो त ? कसैले पनि नियालेका छैनन्। नेपालमा जति पनि अभियन्ता वा विज्ञ छन् तीमध्ये कोही सरकारी जागिरबाट पेन्सन पकाएर आएका छन्। अदालतमा वकालत गर्नेहरू पनि अभियन्ता बनेका छन्।

कोही राजनीतिक पार्टीको झोले बनेर यस क्षेत्रमा आएका छन्। जो जहाँसुकैबाट आएको छन्, सबैको एउटै उद्देश्य आफूले गरेको भ्रष्टाचार लुकाउनु हो। एकातिर भ्रष्टाचार पनि ढाकछोप हुने अर्को समाजमा इज्जत पनि आउने। अभियन्ता भनिएकाहरूलाई राष्ट्र र जनताको मतलब छैन। यिनीहरूले गैरसरकारी संस्था 'एनजिओ'को झोला बोकेका हुन्छन्। विदेशबाट आएको डलर पचाउने त यिनी नै हुन्। देशमा यत्रा अभियन्ता छन् तर परिवर्तनचाँहि के आयो ?

भ्रष्टाचार घट्नुको साटो झनझन् बढ्दै गएको छ। समाज बेथिति र विकृतिको दलदलमा फसेको छ। अनि अभियन्ताहरूले यो सुधार्नका लागि के गरे त ? छिनमा लागि माइतीघरमा आन्दोलन गरेको जस्तै गर्छन्, पैसा पाएपछि यिनको मुखमा बुझो लागिहाल्छ। वास्तविक रूपमा भन्ने हो भने यिनीहरू आफैं दलाली हुन् आफैं भ्रष्टाचारी हुन्। अभियन्ताका नाममा सांसद्मा पुग्नेहरू थुप्रै छन्। राष्ट्र र राष्ट्रियता भन्दै सत्तामा पुग्नेहरू यहाँ थुप्रै छन्। राप्रपाबाट सांसद् बनेका ज्ञानेन्द्र शाही आफूलाई अभियन्ता भन्छन्।

तर, उनले समाजलाई फाइदा हुने के काम गरे ? चर्चामा आउनका लागि अभियन्ता बन्ने क्रम अहिले पनि जारी नै छ। कहाँबाट दाम झर्छ भनेर कुरेर बस्ने अभियन्ताबाट समाजको हित हुने एउटा पनि काम हुन सक्दैन। किन कि उनीहरू पनि कमाउनै आएका हुन्।

जनताले न अभियन्ता भनिनेहरूलाई विश्वास गर्छन्। न यिनीहरूले जनताको मन जित्ने गरी काम गर्न सकेका छन्। मिडियाले बोल्ने ठाँउ दियो भनेचाँहि ठूल्ठूला कुरा गर्छन्। साँच्चै नै भन्ने हो भने यिनीहरूलाई देशको अवस्थाबारे केही जानकारी नै छैन। मुलुकको अर्थतन्त्र कता गइरहेको छ ? नेपाली जनताको अवस्था कस्तो छ ? बेरोजगारी, मँहगीलगायतका विषयमा पनि यिनीहरूलाई जानकारी छैन। मुलुकको राजनीति कुन अवस्था छ ? अभियन्ता भनिएकाहरूलाई अत्तोपत्तो छैन।

यसो कहिलेकाहीँ बोल्ने ठाउँ पाए भनेचाँहि 'आकाशबाट तारा झारेर ल्याउँछौं' जस्तै गर्छन्। अभियन्ता भइसकेपछि सडकमा निस्किएर जनताको अवस्था बुझ्नुपर्छ। तर, यिनीहरू त मँहगा गाडीमा हिँड्छन्। बाटो हिँड्नेको अवस्था के थाहा ? तैमाथि पनि अधिकांश अभियन्ता सरकारी जागिरका पेन्सनवालाहरू छन्। त्यसैले उनीहरूलाई देश जता गए पनि मतलब नै भएन्। नेपाली जनतादेखि लिएर अभियन्ता भनाउँदाहरू सबै राजनीतिक पार्टीको झोले छन्। अनि देशले कसरी निकाश पाउँछ ?

श्रीलंका सबैभन्दा पहिले धराशायी बनेको मुलुक हो। तर, त्यहाँका जनताले आफ्नो देशको अर्थतन्त्रलाई 'ट्र्याक'मा ल्याए। मुलुकको अर्थतन्त्र जटिल बनेपछि श्रीलंकाका जनता सडकमा उत्रिए। राष्ट्रपति कार्यालय घेरेपछि राष्ट्रपति नै देश छोडेर भाग्नुपर्यो। नयाँ सरकार आयो। विदेशी ऋण तिर्न सक्दिन भनेर हात उठाइसकेपछि ऋण मिनाहा गरियो। यता, विदेशीहरूले पनि सहयोग गरे र श्रीलंका अहिले सही गतिमा आयो।

तर, नेपालमा ठ्याक्कै त्यसको उल्टो अवस्था छ। यतिबेला मुलुकको अर्थतन्त्र डामाडोल बनिसकेको छ। आर्थिक मन्दीले बजार छपक्कै छोपेको छ। निजी क्षेत्रमा काम गर्नेले वर्ष दिनदेखि तलब पाउन सकेका छैनन्। सरकारीले सरकारी कर्मचारीको तलब दिनसमेत सकेको छैन। बजारमा मँहगीले सीमा नाघिसकेको छ। बेरोजगारी दिनप्रतिदिन बढ्दै गएको छ। यद्यपि, कसैले सरकारलाई खबरदारी गर्न चासो देखाउँदैनन्। अभियन्ताहरू दुलो पसेका छन्।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

बागमती प्रदेशसभा बैठक

# विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा छलफल

**बागमती–** बागमती प्रदेशसभाको बुधबार अपराह्न बसेको दोस्रो बैठकमा आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धमा(करको प्रस्तावबाहेक) विषयमा छलफल प्रारम्भ भएको छ ।

छलफलमा सत्तापक्षका प्रदेशसभाको सदस्यहरूले प्रदेशको १३ वटै जिल्लालाई समेटिने गरी कृषि उत्पादन, फलफूल, मौसमी तरकारीखेतीलाई आत्मनिर्भर तुल्याउन दीर्घकालीन गुरुयोजना तर्जुमा गर्नुपर्ने सुझाव दिए । उनीहरूले कृषकलाई बीउविजन र मल खाद्य उपलब्ध गराउन सम्बन्धित मन्त्रालयले पहलकदमी लिनुपर्ने धारणा व्यक्त गरे ।

विनियोजित विधेयकको सिद्धान्तलाई केवल प्रचारमुखी मात्र नगरी जनताको जीवनस्तरलाई माथि उठाउनसक्ने खालका पूर्वाधार विकास, गुणस्तरीय स्वास्थ्योपचार र मेडिकल शिक्षालाई बढुवा दिई व्यावहारिकरूपमा कार्यान्वयन गर्नेगरी उच्च प्राथमिकतामा राख्नुपर्ने उनीहरूको सुझाव थियो ।

बैठकमा बोल्ने सदस्यहरूले प्रदेश सरकारले प्रदेशमा सुशासन ल्याउन जनतालाई सरकारप्रति भरोसा दिलाउनेगरी व्यावहारिक पक्षलाई जोड दिनुपर्ने बताए । उनीहरूले कृषि उत्पादनलाई बढुवा दिने, मझौला सानो रुग्ण उद्योगलाई पनि सञ्चालनमा ल्याउने र प्रत्यक्ष रोजगारीको अवसर दिलाउने किसिमका आयोजना प्रस्ताव गर्नुपर्ने बताए ।

ग्रामीण बस्तीमा विद्युतीकरण, खानेपानी, कृषि सडक, स्वास्थ्यचौकीको निर्माण गर्न र शैक्षिक गुणस्तरीय दक्ष जनशक्ति उपलब्ध गराउन पनि पाठ्यसामग्री वितरण गर्न पनि बजेटको प्राथमिकतामा पर्नुपर्नेमा सदस्यहरूको जोड थियो ।

भ्रष्टाचार नियन्त्रण गर्न वर्तमान ऐन कानुनलाई परिमार्जन गरी अगाडि बढाउनुपर्ने र जुनसुकै दलको नेतृत्वले भ्रष्टाचार एवं त्यस्ताखाले क्रियाकलामा संलग्न भएको थाहा पाएमा सरकारले कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने उनीहरूको माग थियो ।

यसैगरी प्रतिपक्ष दलका प्रदेशसभा सदस्यहरूले प्रदेश सरकारले अघिल्लो वर्षझैं यस वर्ष पनि विनियोजन विधेयक सैद्धान्तिक र प्राथमिकतामा हुबहु शब्दावली राख्नु न्यायोचित नभएको टिप्पणी गरे । उनीहरूले जनतालाई मौसमी खेतीका लागि अत्यन्तै आवश्यक पर्ने मल खाद्य, बीउको समयमै किसानलाई उपलब्ध गराउनेतर्फ बजेटले प्राथमिकतामा राख्नुपर्ने उल्लेख गरे ।

प्रदेशको १३ वटै जिल्लामा कृषि उत्पादन हुने धेरै जग्गा बाँझो रहेको तर सरकारले ती किसानको मर्म र समस्या बुझ्न नसक्दा वर्तमान अवस्थामा कृषि उत्पादन र फलफूल उत्पादनमा ह्रास आएको भन्दै उनीहरूले बाह्य मुलुकबाट खाद्यान्न (चामल, तरकारी, फलफूल) आयात गर्नुपर्ने कारणसहित विधेयक बनाउन सुझाव दिए ।

बजेटमा जेसुकै लेखिएको भए पनि अहिले सर्वसाधारण नागरिकले सम्बन्धित कार्यालयबाट सेवा सुविधा पाउनुबाट निकै कठिनाइ भोग्नुपरेको उल्लेख गर्नुहुँदै उनीहरूले प्रदेश सरकारले ती विपन्न नागरिक, कृषकलाई भरोसा दिलाउने कार्यक्रम ल्याउन र उनीहरूलाई स्वास्थ्य उपचारका लागि दक्ष चिकित्सक अस्पतालमा गुणस्तरीय सेवा पुर्‍याउनेतर्फ पनि नीतिगत कार्यक्रममा समावेश गर्नुपर्ने धारणा व्यक्त गरे ।

यसैगरी उनीहरूले प्रदेशको विभिन्न जिल्लामा रहेका सुकुम्बासी र अवस्थित बसोबासीलाई स्थायी बसोबासका लागि जग्गाधनीको पुर्जा, रोजगारीको अवसर र विपन्न कृषकलाई अनुदानमा पशुपालन, कृषि उत्पादनका लागि ऋण उपलब्ध गराउन पनि सरकारले छुट्टै कार्यक्रम ल्याउन आग्रह गरे ।

प्रदेशको १३ जिल्लाको ११९ वटै स्थानीय निकायलाई अझ प्रभावकारी ढंगबाट परिचालन गरी सर्वसाधारणलाई सेवा सुविधा सहज ढंगबाट उपलब्ध गराउने र उनीहरूलाई प्रदेश सरकार र स्थानीय निकाय हाम्रै हो भन्ने खालको बजेट ल्याउन अग्रसर हुनुपर्नेमा प्रदेशसभा सदस्यको जोड थियो ।

विनियोजित विधेयकको सैद्धान्तिक पक्षमा प्रदेशसभा सदस्य तारानाथ श्रेष्ठ, मायादेवी शर्मा, आनन्द मोहन श्रेष्ठ, कुमारी तामाङ, डा दिनेशचन्द्र देवकोटा, भरतबहादुर केसी, रामप्रसाद ढुंगानाले छलफलमा सहभागी भई सुझाव प्रस्तुत गरेका थिए ।

बुधबारै बसेको प्रदेशसभाको पहिलो बैठकमा सभामुख भुवनकुमार पाठकले संसद्को मौजुदा कार्यव्यवस्था परामर्श समितिको सदस्यमा हेरफेर गर्नु भई तीन जना सदस्य थप मनोनीत गरेका थिए । मनोनीत हुने सदस्यमा श्रीराम लामिछाने, कुमारी तामाङ र गिरबहादुर तामाङ छन् । सोही बैठकले उक्त नामावलीलाई स्वीकृति प्रदान गरेको थियो । *रासस*

# स्वास्थ्यकर्मीले पाँच महिनादेखि तलब पाएनन्

**तिलोत्तमा–** रूपन्देहीको तिलोत्तमा नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीले पाँच महिनादेखि तलब नपाएपछि हातमा कालोपट्टि बाँधेर आन्दोलन गरेका छन् । तिलोत्तमा नगरपालिकाअन्तर्गतका १७ वटा स्वास्थ्य संस्थामा कार्यरत ७८ जना स्वास्थ्यकर्मीले पुस महिनादेखिको तलब नपाएपछि बाध्य भएर आन्दोलित गर्नुपरेको बताएका छन् ।

नगरपालिका कार्यालयमै बुधबार पत्रकार सम्मेलन गरी कर्मचारीले तलब नपाएपछि जेठ १ गते सबै स्वास्थ्यकर्मीको तर्फबाट ज्ञापनपत्र विभिन्न निकायमा बुझाए पनि सुनुवाइ नभएपछि चरणबद्धरूपमा शान्तिपूर्ण आन्दोलनमा आएको बताएका छन् ।

स्वास्थ्यकर्मी संघर्ष समितिका संयोजक ज्ञानप्रसाद पौडेलले आफूहरूले तलब प्राप्तिका लागि नगरप्रमुख रामकृष्ण खाण, उपप्रमुख जगेश्वरदेवी चौधरी र प्रमुख प्रशासकीय अधिकृत नारायण अर्यालसँग पटकपटक मौखिक र लिखित माग गर्दा पनि सुनुवाइ नभएको गुनासो गरे । उनले प्रमुख जिल्ला अधिकारीमार्फत माथिल्लो निकायमा ज्ञापनपत्र बुझाए पनि सुनुवाइ नभएको बताए ।

पाँच महिनासम्म तलब नपाउँदा घरखर्च चलाउन समस्या भएको भन्दै स्वास्थ्यकर्मीले छिटो तलब पाउने व्यवस्थाका लागि नगरपालिकासँग आग्रह गरिएको छ । यहाँ ४५ जना दरबन्दी तथा समायोजन संशोधन, कामकाज र कोभिड काज गरी ३२ जना दरबन्दीबाहेकका कर्मचारी छन् ।

तलब नपाएको विरोधमा अहिले कालोपट्टी बाँधेर काम गरिरहेका स्वास्थ्यकर्मीले जेठ १२ गतेदेखि नगरपालिका कार्यालयमा धर्ना दिने कार्यक्रम रहेको संघर्ष समितिका सदस्य जनस्वास्थ्य निरीक्षक ठानेश्वर बस्यालले जानकारी दिए ।

तिलोत्तमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अर्यालले दरबन्दीभन्दा बढी कर्मचारी कार्यरत हुँदा तलब दिन नसकिएको बताए । उनले स्वास्थ्यले पठाएको बजेट पुगेको र त्यसपछि बजेट नपुगेपछि सबैको रोकिएको बताए । तर, संघर्ष समितिले स्वास्थ्यकर्मीको पाँच महिनाको करिब चार करोड रूपैयाँ तलब दिन बाँकी रहेको जनाएको छ । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MIN CORNER

पुर्व स्वीकृति मिति २०७९/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/१० | LT. No.273035 | चलानी नं.६०१८८८३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 10 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : S & T VEGETABLES SDN.BHD.

पुर्व स्वीकृति मिति २०७९/०३/२७ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/१० | LT. No. 267234 | चलानी नं.६०१८३०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 29 | 1 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म नि:शुल्क खाना, यातायात, आवास

COMPANY: HARTA PACKAGING INDUSTRIES (SELANGOR) SDN.BHD.
कम्पनी : हर्ता प्याकेजिङ इन्जस्ट्रिज (सेलान्गोर) एसडिएन. बिएचडि

Pre Approval Date : 2023-05-24 | LT. No.286474 | Invoice No. 60201940
पूर्व स्वीकृति मिति : २०८०/०२/१० | एल टि न. २८६४७४ | चलानी नं. ६०२०१९४०

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वर्कर Factory Worker | ५० 50 | 0 0 | आधारभूत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading writing & speaking basic English | १५०० 1500 | ४३,५९५ 43,595 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्न Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

Final Interview will be conducted on 1st June, 2023 in office premisees.
फाईनल अन्तर्वाता मिति २०८० जेठ १८ कार्यालय परिसरमा हुनेछ ।

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASTERSCREEN SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/१२/३० | LT. No. 284567 | चलानी नं. ६०२०१९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 6 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITY SKY BUILDING CLEANING AND SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०२/१० | LT. No. 286506 | चलानी नं. ६०२०१९२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 25 | 1000 | ३५,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAHAD OQAB MOHAMMED AL HAMMADI FACTORY FOR INDUSTRY

पूर्व स्वीकृति मिति २०८०/०२/०९ | LT. No. 263428 | चलानी नं. ६०१७९६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 10 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**

श्रम ईजाजत नं. ७८८/०६५/०६६

P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MAJLESS CO. FOR RESTAURANTS SERVICES

पूर्व स्वीकृति मिति २०८०/०२/१० | LT. No. 286556 | चलानी नं.६०२०१९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Man | 0 | 4 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AA PHARMACY HEALTHCARE SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०२/१० | LT. No. 286531 | चलानी नं.६०२०१९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wholesale & Retail Worker | 11 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

# प्रभाव दैनिक





### टुल्की जेठ १२ देखि

बहुपति प्रथामा आधारित चलचित्र 'टुल्की' को टिकट बुकिङ खुला भएको छ । १२ जेठ शुक्रबारदेखि प्रदर्शन हुन लागेको उक्त चलचित्रको बुधबारदेखि टिकट बुकिङ खुला भएको हो । चलचित्र निर्माण गरेको 'द पाल्म ग्रुप्र प्रालि'ले काठमाडौंमा पत्रकार सम्मेलन गरी चलचित्र 'टुल्की' शुक्रबारदेखि देशभर प्रदर्शन गर्न लागेको जानकारी दिएको हो । चलचित्रका निर्माता शेखर लामाले नेपालको हिमाली क्षेत्रमा चली आएको बहुपति प्रथालाई चलचित्रमार्फत देखाइएको जानकारी दिए । 'चलचित्र टुल्कीमा डोल्पा, हुम्ला, मुगुलगायतका हिमाली जिल्लामा रहेको बहुपति प्रथालाई देखाइएको छ,' उनले भने । चलचित्र डोल्पा जिल्लाको शे-फोक्सुन्डो, त्रिपुराकोट, रल्ली, करेलीकाँडालगायतका विकट गाउँबस्तीमा पुगेर छायांकन गरिएको निर्माता लामाले बताए ।





बिहीबार, ११ जेठ २०८० (Thursday, May 25, 2023)


## दबाबरहित चलचित्र 'डाकिनी'




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र निर्माण गर्दा नै बजार मूल्यांकन गरिन्छ । बजारले फिर्ता गर्न सक्ने रकम र जोखिमको मूल्यांकन गरेर निर्माणको लागत तय हुन्छ । बजारले रुचाएको कलाकारदेखि प्राविधिकको समूहमार्फत चलचित्र बन्ने गरेको छ । तर कुनै चलचित्र यी भन्दा फरक रहेर निर्माण भयो भने के होला ? न त बजेट बढ्ने डर, न बजार मूल्यांकन । कुनै दबाब नहुँदा चलचित्र कस्तो बन्ला ? यसको उदाहरण हो- 'डाकिनी' ।

बौद्धधर्मका गुरु तथा चलचित्र निर्देशक खिन्से नोर्बु (जोङसार खिन्से रिम्पोछे) 'डाकिनी' प्रदर्शनका लागि नेपालमा छन् । विश्वभरका चलचित्रप्रेमी दर्शकमाझ उनी निर्देशित 'द कप', 'ट्राभल्स एण्ड म्याजिसियन्स', 'हिमा हिमाः सिंग मी अ सङ ह्वाइल आई वेट'लगायतका चलचित्र लोकप्रिय छन् ।

अंग्रेजी नाम 'लुकिङ फर अ लेडी विथ फ्याग्स एण्ड मुस्टाच'मार्फत विश्वभर प्रदर्शन भएको चलचित्रमा बौद्धग्रन्थमा बज्रयोगिनी, ताराजस्ता देवी (डाकिनी)का कथा छन् । देवीको खोजीको कथा खोजिने चलचित्रमा बौद्धग्रन्थको सुन्दर आयामलाई प्रस्तुत गरिएको छ । नेपालमा यो सीमित चलचित्र भवनमा मात्र प्रदर्शन गरिएको छ ।

नेपालका निर्माता षट्कोण आर्टसको निम्तोमा नेपाल आएका निर्देशक नोर्बुले सरल चलचित्रको बारेमा आफ्ना विचार राखे । 'हामीले हेर्ने चलचित्रमा हलिउड शैली हुन्छ । त्यो पनि परम्परागत । त्यहाँ सबै किसिमको भाव मिसाइएको हुन्छ', उनले भने, 'हामीलाई त्यस्ता चलचित्र हेर्ने बानी परिसकेको छ । त्यसैले अभिनेता वा नकारात्मक भूमिका गर्नेको बारेमा हाम्रो विचार पहिले निर्माण हुन्छ । हामीलाई त्यो भाष्य शैलीमा हलिउड र बलिउडका चलचित्र प्रशस्तै प्रस्तुत गरिसकेका छन् ।'

आफू निर्देशित चलचित्र हेर्नु अगाडि नै केही खास घटनाक्रम नहुने नोर्बुले बताए । 'मेरो चलचित्रमा ठूला घटनाक्रम हुँदैनन् । त्यो हेर्दा तपाईंलाई आफ्नै कथा महसुस हुनुपर्छ । यसलाई मैले वास्तविकतासँग नजिक राखेर निर्माण गर्ने कोसिस गरेको छु', उनले भने ।

चलचित्रका बारेमा निर्माण भएको भाष्यशैलीलाई परिवर्तन गर्न सके मात्र फरकपन महसुस हुने नोर्बुको भनाइको तात्पर्य थियो । नेपाली र तिब्बती भाषामा रहेको चलचित्र लगभग रु १० करोडमा तयार भएको हो । यो चलचित्र बजारको निर्देशनबिना तटस्थ रहेर निर्माण गर्ने प्रयास गरिएको निर्मातामध्येका एक दिपेश खत्रीले जानकारी दिए ।

'चलचित्र निर्माणको समयमा बजारको चिन्ता थिएन । त्यसैले स्वतन्त्र रहेर काम गर्न पायौं । कुनै दबाबलाई महसुस नगरी निर्माण भयो । अहिले प्रदर्शन पनि सीमित चलचित्र भवनमा सीमित शोमा मात्र छ', निर्माता खत्रीले भने ।

काठमाडौंमा क्याफे सञ्चालनको तयारीमा रहेका तिब्बती मूलका युवालाई सपनामा केही संकेत मिल्छ । उसको साथीले सपनाको अर्थ खुलाइदिन्छ र भन्छ, 'तिमी सात दिन बाँच्छौं ।' तर जब उसले यो संकट डाकिनीले हटाउन सक्ने थाहा पाउँछ अनि सुरु हुन्छ डाकिनीको खोजी । उसले डाकिनी कहाँ फेला पार्छ ? उसको जीवन बच्छ कि बच्दैन ? यसकै वरपर चलचित्रको कथा बगेको छ ।

सामान्यतया चलचित्रमा सात दिनमात्र बाँच्छ भन्ने थाहा पाएको पात्रले के-के गर्छ होला ? हामीले केही यस्ता चलचित्र हेरेका पनि छौं । तर 'डाकिनी' फरक छ । त्यहाँ पात्रले आफ्नै दिनचर्यामा खोजी गर्छ । उसको पीडा र सङ्घर्ष उस्तै छ, तर व्यक्त गर्ने तरिका फरक । किनकि यसलाई तटस्थ रहेर निर्माण गर्ने प्रयास गरिएको छ ।

**नेपाल-अमेरिका चलचित्र महोत्सव :**

## 'ऐना झ्यालको पुतली' पहिलो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल-अमेरिका अन्तराष्ट्रिय चलचित्र महोत्सवमा प्रदर्शन हुने चलचित्रहहरूको सूची सार्वजनिक गरिएको छ । महोत्सवमा नेपालका सुजित बिडारीद्वारा निर्देशित 'ऐना झ्यालको पुतली', पाकिस्तानका साइम सदिकद्वारा निर्देशित 'जोइल्याण्ड', नेपालकै अविनाश विक्रम शाहद्वारा निर्देशित लघु चलचित्र 'लोरी' र दीपक रौनियारद्वारा निर्देशित 'फोर नाइट्स' लगायतका चलचित्र प्रदर्शन हुने भएको छ । आगामी जुन २२ देखि २५ सम्म हुने महोत्सवमा नेपाल, अमेरिका, इजिप्ट, भारत, पाकिस्तानलगायत ११ देशका फिचर फिल्म, वृत्तचित्र, छोटा चलचित्र र एनिमेसन गरी ३७ चलचित्रहरू प्रदर्शन हुनेछन् । वासिङ्टन डिसी महानगर क्षेत्र स्थापित महोत्सवको उद्घाटन र समापन मेरिल्याण्डस्थित एएफआई सिल्भर थियटरमा हुने र चलिचत्रहरू चाहिँ एएफआई तथा ओल्ड ग्रिनवेल्ट थिएटरमा समेत प्रदर्शन हुने जनाइएको छ ।

आयोजक नेपाल-अमेरिका फिल्म सोसाइटीकाअनुसार जुन २२ मा नेपालको तर्फबाट ओस्कार अवार्डका लागि छनोट भएको बिडारी निर्देशित 'ऐना झ्यालको पुतली'को प्रदर्शनबाट चलचित्र महोत्सवको उद्घाटन हुनेछ । त्यस्तै अमेरिकी निर्देशक न्यन्सी स्भेंन्डसेनको निर्देशनमा बनेको 'पासाङः इन द स्याडो अफ एभरेष्ट' को प्रदर्शनसँगै जुन २५ मा महोत्सव समापन तथा पुरस्कार वितरण हुनेछ ।

स्थापना कालदेखि सहकार्यरत ग्लोबल पिस फिल्म फेस्टिबल फ्लोरिडासँगको सहकार्यमा यो वर्ष दुई चलचित्र प्रदर्शन हुने र निर्देशक सुवर्ण थापाको उपस्थितिमा 'द सेक्रेट अफ राधा' को विशेष प्रदर्शन हुने समेत आयोजकले जनाएको छ ।

प्रदर्शन गरिएका मध्येबाट उत्कृष्ट चलचित्रहरूलाई विभिन्न अवार्डबाट पुरस्कृत गरिनेछ । यस वर्षका निर्णायक मण्डलको नाम केहि दिनमा सार्वजनिक गरिने जनाइएको छ । महोत्सव अवधिमा चलचित्र, संस्कृति र नयाँ प्रविधिबारे 'प्यानल' छलफल हुनेछ । 'कोरोना महामारीपछि यो वर्षका सबै प्रदर्शनहरू भौतिक रूपमा नै आयोजना गर्न लागिएकोले उत्साहित भएका छौं', महोत्सवका निर्देशक युवाकर राजकर्णिकारले भने ।




## मञ्चनको तयारीमा 'बुद्ध' र 'भिखारी'

**काठमाडौं (प्रस)–** काठमाडौंमा दुई नाटक मञ्चनको तयारी भइरहेको छ । त्रिपुरेश्वरस्थित कौसी थिएटरमा यही जेठ १२ देखि २८ गतेसम्म नाटक 'त्रयम्' र थापागाउँस्थित मण्डला नाटकघरमा जेठ १६ देखि ३२ गतेसम्म नाटक 'बुद्ध' र 'भिखारी' मञ्चन गरिने भएको छ । काठमाडौंका एउटा फ्ल्याट लिएर भाडामा बस्ने तीन युवतीको कथा समेटिएको नाटक 'त्रयम्' मञ्चनको अन्तिम तयारीमा छ । एकअर्कासँग पटक्कै नमिल्ने स्वभावका तीन युवती नजिक हुन् नसके तापनि सँगै बस्न बाध्य छन् । आफ्नो रुचि र स्वभावलाई मात्र प्राथमिकता दिने उनीहरूको जीवनमा घट्ने घटनाक्रमले एकअर्काप्रतिको बुझाइमा ल्याउने परिवर्तन नै नाटकको सार हो । नाटकले तीन युवतीको विगत कोट्याउँदै महिलाले दैनिक जीवनमा भोग्ने हिंसालाई रोचक ढंगले प्रस्तुत गर्नेछ । दिलीप रानाभाटको लेखन तथा निर्देशन रहेको नाटकमा संगीता थापा, रक्षा थापा र पूर्णिमा आचार्यले शीर्ष भूमिका निर्वाह गरेका छन् ।

'लामो समयदेखि बोकिरहेको विषयले बल्ल मञ्चनको स्वरूप पाउँदैछ, नाटकमा उठिरहेका विषय मेरो नजिकका धेरै महिलाले भोगेका विषय हुन्, कतिले मलाई सुनाएका छन्, कतिले नभनी पनि मैले बुझेको छु, यो नाटकले तपाईंहरूको पनि मौनता तोड्न प्रेरित गर्नेछ', निर्देशक रानाभाटले भने ।

यस्तै, चुलाचुली थिएटरको प्रस्तुति रहेको 'बुद्ध' र 'भिखारी'लाई चेतन आङ्थुपोले नाट्य रूपान्तरण तथा अनुवादन र परिकल्पना तथा निर्देशन अनिल सुब्बाले गरेका हुन् । 'आफ्नो झुपडीमा मुसाहरूले दिएको दुःखबाट दिक्क भएर भाग र भाग्यको अर्थ खोज्दै बुद्ध खोज्न निस्किएको भिखारीले यात्राभरि गरेको सङ्घर्ष र रमाइलो पललाई नाटकमा प्रस्तुत गरिनेछ', निर्देशक सुब्बाले भने ।

# रंगशाला

## भारतसँग पराजित हुँदा नेपाल उपविजेतामा सीमित

### फाइनल प्रवेशका लागि कजाकस्तानसँग खेल्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतले घरेलु टोली नेपाललाई हराउदै जारी एनएससी-काभा अन्तर्राष्ट्रिय महिला भलिबल प्रतियोगितामा समूह 'ए' को विजेता बनेको छ ।

राष्ट्रिय खेलकुद परिषद (राखेप) को कभर्डहलमा बुधबार भएको खेलमा नेपाललाई हराउँदै भारतले समूह विजेताको रूपमा सेमिफाइनलमा स्थान बनाएको छ । घरेलु समर्थकको साथ पाएको नेपाललाई भारतले ३-१ को सेटमा हराएको हो ।

पहिलो सेट १२-२५ को अन्तरले गुमाएको नेपालले दोस्रो सेट २४-२६ ले गुमाएको थियो । तेस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पारेर नेपाल खेलमा फर्किएको थियो । तर, चौथो सेट २५-२१ ले जितेर भारतले नेपालविरुद्धको जित पक्का गऱ्यो ।

जितसँगै समूह 'ए' को भारत ३ खेलमा ९ अंक शीर्ष स्थानमा रहेको छ । पराजित नेपाल ३ खेलबाट ६ अंक जोडेर दोस्रो रहेको छ ।

समूह ए को उपविजेता बनेको नेपालले शुक्रबार हुने सेमिफाइनल खेलमा समूह बी को विजेता काजकिस्तानसँग खेल्नेछ । समूह ए को विजेता भारतले सेमिफाइनल खेलमा समूह बी को उपविजेता उज्वेकिस्तानसँग खेल्नेछ ।

प्रतियोगिता अन्तर्गत बुधबार भएको खेलमा काजकिस्तान र किर्गिस्तानले जित निकालेका छन् । बुधबारको अन्तिम खेलमा माल्दिभ्स र श्रीलंका खेल्ने छन् । राखेपको विशेष सहयोग तथा नेपाल भलिबल संघको आयोजनामा जारी प्रतियोगितामा ८ टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा नेपाल, बंगलादेश, माल्दिभ्स, भारत, श्रीलंका, किर्गिस्तान, उज्वेकिस्तान र काजाकिस्तानको सहभागिता रहेको छ ।

समूह 'ए' मा घरेलु टोली नेपाल सहित भारत बंगलादेश र किर्गिस्तान छन् । समूह 'बी' मा श्रीलंका, माल्दिभ्स, काजकिस्तान र उज्वेकिस्तान रहेका छन् । राउन्ड रोविन लिग पछि शीर्ष २ टोलीले सेमिफाइनलमा र पुछारमा रहेका दुई टोलीले वरीयताका लागि प्रतिस्पर्धा गर्नेछन् ।

## चौथो संस्करणको सुदूरपश्चिम स्पोर्टस अवार्ड असार ८ मा

■ प्रभाव संवाददाता

**धनगढी–** चौथो संस्करणको सुदूरपश्चिम स्पोर्टस अवार्ड अगामी असार ८ गते हुने भएको छ । नेपाल खेलकुद पत्रकार मञ्च कैलालीको आयोजनामा हरेक वर्ष हुँदै आएको अवार्ड असार ८ गते हुने आयोजकले जानकारी दिएको छ ।

आयोजकले बुधबार नै धनगढीमा पत्रकार सम्मेलन गर्दै चौथो संस्करणको सुदूरपश्चिम स्पोर्टस अवार्डको मिति पनि घोषणा गरेको हो । मञ्चका अध्यक्ष प्रदीप पाठकले चौथो सुदूरपश्चिम स्पोर्टस अवार्डको तयारी थालिएको जानकारी दिए ।

गत वर्षको वैशाखदेखि चैत मसान्तसम्म सुदूरपश्चिम प्रदेशका खेलाडीहरूले गरेको प्रदर्शनको आधारमा विभिन्न ८ वटा विधामा अवार्ड वितरण गरिने पाठकले बताए । वर्षको उत्कृष्ट खेलाडी पुरुष र महिला, वर्षको उत्कृष्ट प्रशिक्षक, वर्षको युवा खेलाडी, सुदूरपश्चिम आईकन पुरुष तथा महिला, लाइफटाइम अचिभमेन्ट अवार्ड र स्पेशल अवार्ड वितरण गरिनेछ ।

अध्यक्ष पाठकका अनुसार लाइफटाइम अचिभमेन्ट अवार्ड र स्पेशल अवार्डको घोषणा कार्यक्रमकै दिन गरिनेछ भने अन्य ६ वटा विधामा तीन तीन जनाको मनोनयन सार्वजनिक गरी कार्यक्रम हुने दिन विजेताको घोषणा गरिनेछ ।

अवार्ड कार्यक्रमभन्दा अघि क्रमशः मनोनयनमा परेकाहरूको नाम सार्वजनिक गरिने मञ्चका महासचिव हरि जोशीले जानकारी दिए । वर्षको उत्कृष्ट खेलाडी पुरुष र महिलाले नगद ३५ हजारसहित ट्रफी प्राप्त गर्नेछन् । सुदूरपश्चिम आइकन पुरुष तथा महिलाको विजेताले नगद २० हजारसहित ट्रफी प्राप्त गर्नेछन् ।

वर्षको प्रशिक्षकले ३० हजार नगद प्राप्त गर्दा लाइफटाइम एचिभमेन्ट अवार्ड, स्पेशल अवार्ड र वर्षको युवा खेलाडीले नगद २५ हजारसहित ट्रफी प्राप्त गर्नेछन् । सुदूरपश्चिम प्रदेशमा खेलकुद तथा खेलाडीहरूका लागि विभिन्न काम गर्दै आएको नेपाल खेलकुद पत्रकार मञ्च कैलालीले पछिल्ला तीन वर्षदेखि सुदूरपश्चिम स्पोर्टस अवार्ड आयोजना गर्दै आएको छ ।




## ओलम्पिक कमिटीद्वारा मन्त्रीद्वयलाई स्वागत

**काठमाडौं (प्रस)–** नेपाल ओलम्पिक कमिटीले बुधबार एक समारोहबीच युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बू र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारलाई स्वागत गर्दै सम्मान गरेको छ ।

कमिटीको सातदोबाटोस्थित भवनमा आयोजित कार्यक्रमा अध्यक्ष जीवनराम श्रेष्ठले नवनियुक्त मन्त्रीहरूलाई सम्मान पत्र हस्तान्तरण गरे । त्यस अवसरमा मन्त्री लिम्बूले खेलकुदलाई राजनीतिक विभाजनबाट मुक्त गरेर अगाडि बढाउँदा कुनै समस्या नहुने बताए । उनले खेलकुद क्षेत्रमा लागेकाबाट त्याग र तपस्याको आवश्यकता रहेकोमा पनि जोड दिए ।

उनले चीनको हाङझाउमा हुने अबको एसियाली खेलकुदमा नेपालबाट २९ खेलमा सहभागी हुने गृहकार्य भइरहेको पनि बताए ।

यस्तै मन्त्री भण्डारीले ओलम्पिक कमिटी स्वायत्त र फरक सस्था रहेको बताए । मन्त्री भण्डारी ओलम्पिक कमिटीका सल्लाहकार पनि हुन् । कमिटीका अध्यक्ष श्रेष्ठले अझै पनि खेलकुद ऐन अनुसार यसलाई अगाडि बढाउने चुनौती रहेको बताए ।

कार्यक्रममा कमिटीका पूर्व अध्यक्ष तथा मानार्थ अध्यक्ष ध्रुवबहादुर प्रधान तथा महासचिव निलेन्द्रराज श्रेष्ठले पनि आफ्नो धारणा राखेका थिए । त्यस अवसरमा महासचिव श्रेष्ठले नयाँ खेलकुद ऐन अनुसार नेपालमा एउटै मात्र ओलम्पिक कमिटि हुने बताए । उनले ओलम्पिक कमिटि र राष्ट्रिय खेलकुद परिषदबीच कुनै विवाद नरहेको पनि बताए ।

# 'पिटिआई नेता कुरेशी र चीमा नजरबन्दमा'

**इस्लामावाद–** पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई) का प्रमुख नेता शाह महमुद कुरेशी, जमशेद चीमा र उनकी पत्नी मुसरत चीमालाई बुधबार नजरबन्दमा राखिएको छ ।

पाकिस्तानी समाचार च्यानल एआरवाई न्युजका अनुसार रावलपिण्डीका आयुक्तले पूर्वप्रधानमन्त्री इमरान खानको पार्टीका नेताहरूलाई नजरबन्दमा राख्न आदेश जारी गरेका हुन् । उनीहरूलाई मेन्टेनेन्स अफ पब्लिक अर्डर (एमपिओ)को दफा ३ अन्तर्गत नजरबन्दमा राखिएको छ । उनीहरूलाई १५ दिनका लागि नजरबन्दमा राखिएको छ ।

पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई)का उपाध्यक्षसमेत रहेका कुरेशीलाई रावलपिण्डीको अडियाला जेलबाट रिहा भएको केही मिनेटमै पुनः पक्राउ गरिएको पाकिस्तानस्थित जियो न्युजले जनाएको छ । पार्टी नेता मुसरत जमशेद चीमालाई रिहाइपछि पुनः तुरून्त गिरफ्तार गरिएको थियो । पक्राउ परेपछि कुरेशीले जेलबाहिर बोल्दै आफू अझै पनि पिटिआईको हिस्सा रहेको र रहिरहने बताएका थिए ।

त्यसपछि पूर्वमन्त्रीलाई प्रहरीले अज्ञात स्थानमा लगेको जिओ न्युजले जनाएको छ । पार्टीका वरिष्ठ उपाध्यक्ष शिरीन मजारीले पिटिआई छोड्ने र राजनीति छोड्ने घोषणा गरेको केही घण्टापछि उनले पार्टीमा रहने बताएका हुन् । उनले आन्दोलन सिर्जना नगर्ने र मजदुरलाई भड्काउने काम नगर्ने प्रतिबद्धता जनाएपछि इस्लामाबाद उच्च अदालतले मंगलबार कुरेशीलाई रिहा गर्न आदेश दिएको थियो ।

पूर्वप्रधानमन्त्री इमरान खानलाई गत मे ९ मा अल-कादिर ट्रस्ट प्रकरणमा पक्राउ गरेपछि पिटिआईका कार्यकर्ताले हिंसात्मक प्रदर्शन सुरु गरेको २४ घण्टाभित्र इस्लामाबादबाट पक्राउ परेका शीर्ष नेतामध्ये कुरेशी पनि एक थिए । पञ्जाब र खैबर पख्तुनख्वामा भएको दंगा र आगजनीको घटनामा पूर्वविदेशमन्त्रीलाई प्रहरीले पक्राउ गरेको थियो । *रासस⁄एएफपी*

# दुर्घटनाग्रस्त चिनियाँ डुंगाका १४ व्यक्ति मृत अवस्थामा फेला

**कोलम्बो–** श्रीलंकाको नौसेनाले गत हप्ता ३९ जना चालक दलका सदस्यसहित डुबेको चिनियाँ डुंगाभित्र १४ जनाको शव फेला पारेको जनाएको छ । मे १६ मा दुर्घटनाग्रस्त भएको उक्त डुंगामा कोही पनि जीवित नरहेको चिनियाँ सरकारको प्रारम्भिक अनुसन्धानले निष्कर्ष निकालेको एक दिनपछि उनीहरूलाई मृत अवस्थामा डुंगामा भेटिएको हो ।

मोटरबाट चल्ने लु पेङ युआन यु-०२८ डुंगामा १७ जना चिनियाँ, १७ जना इन्डोनेसियाली र पाँच जना फिलिपिनी सवार थिए र पर्थबाट पाँच हजार किलोमिटर पश्चिममा दुर्घटनाग्रस्त भएको थियो ।

फिलिपिन्सको विदेश मन्त्रालयले उक्त डुंगा मे १८ मा श्रीलंकाबाट करिब एक हजार किलोमिटर दक्षिणमा रहेको तर खराब मौसमका कारण उद्धार कार्यमा बाधा पुगेको जनाएको थियो ।

श्रीलंकाको नौसेनाले आफ्ना गोताखोरहरूले मंगलबार दुई जनाको शव पानीमा फेला पारेको र थप १२ जनालाई डुंगाभित्र भेटेको पुष्टि गरेका छन् । 'सीमित सुरक्षात्मक कवचसाथ दूषित पानीभित्रबाट शव निकाल्दा उत्पन्न हुने सम्भावित स्वास्थ्य खतराका कारण ती शवहरू पुनः प्राप्त गर्नु अत्यन्त खतरनाक हुने निश्चित गरिएको छ,' नौसेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

डुंगाभित्र रहेका १२ वटा शवको नक्सांकन गरी चिनियाँ अधिकारीलाई बुझाइएको बताइएको छ । त्यहाँ रहेका शवको राष्ट्रियता तत्काल थाहा हुन सकेको छैन ।

चिनियाँ यातायात मन्त्रालयले गरेको प्रारम्भिक अनुसन्धानमा डुंगामा सवार सबैको मृत्यु भएको निष्कर्ष निकालेको एक दिनपछि श्रीलंकाको नौसेनाले यस्तो विज्ञप्ति जारी गरेको हो ।

अस्ट्रेलियाले अन्तर्राष्ट्रिय खोज तथा उद्धार कार्यमा सघाउन तीनवटा हवाई जहाज र चारवटा पानीजहाज पठाएको थियो । चिनियाँ यातायात मन्त्रालयका अनुसार उद्धारकर्मीहरूले खोजका लागि करिब ६४ हजार वर्ग किलोमिटर (१८ हजार ७०० वर्ग नटिकल माइल) क्षेत्रमा यात्रा गरेका थिए ।

गत हप्ता फेबियन चक्रवातले सात मिटर (२३ फिट) सम्मको छाल र १२० किलोमिटर प्रतिघण्टा (७५ माइल प्रतिघण्टा) सम्मको हावा चलेपछि माछा मार्ने उक्त डुंगाले पहिलोपटक संकटको संकेत पठाएको थियो ।

क्यानबेरास्थित ज्वाइन्ट रेस्क्यु कोअर्डिनेसन सेन्टर (जेआरसिसी)ले बाँच्नका लागि 'चुनौतीपूर्ण' अवस्थाको चेतावनी दिएपछि खराब मौसमका कारण उद्धार कार्य रोकिएको छ । उक्त पानीजहाज चीनको प्रमुख सरकारी माछा मार्ने कम्पनी पेन्लई जिङलु फिसरी कम्पनीको स्वामित्वमा थियो । *रासस⁄एएफपी*

# 'चीन–अमेरिका द्विपक्षीय सम्बन्धलाई पुनः सही बाटोमा ल्याइनुपर्छ'

**न्यूयोर्क–** संयुक्त राज्य अमेरिकाका लागि चीनका नवनियुक्त राजदूत सी फेङले वासिंटनलाई चीनसँग वार्ता बढाउन, मतभिन्नता व्यवस्थापन गर्न र सहयोग प्रवर्द्धन गर्न आग्रह गरेका छन् ।

'जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा मंगलबार अपराह्न आइपुगेका सिएले सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै उनले भने, 'राष्ट्रपति सी चिनफिङबाट संयुक्त राज्य अमेरिकाका लागि १२औं चिनियाँ राजदूतको रूपमा नियुक्त गर्न पाउँदा म निकै गौरवान्वित छु । मेरो काम सम्बन्धहरूलाई सही मार्गमा फर्काउने हुनेछ ।'

उनले भने, 'हाल, चीन-अमेरिका सम्बन्धमा गम्भीर चुनौतीहरू आएका छन् चिनियाँ राष्ट्रपति सी चिनफिङले पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवैको भलो हुनेगरी सहकार्यका तीन सिद्धान्तअघि सार्नुभएको छ, जसले नयाँ युगमा दुई देशलाई एकअर्कासँग घुलमिल हुनका लागि आधारभूत र सही मार्गको प्रतिनिधित्व गर्दछ ।'

उनले थपे, 'हामी आशा गर्दछौं कि संयुक्त राज्य अमेरिका चीनसँग पनि त्यही दिशामा अघि बढ्नेछ, र दुई जनता र विश्वको साझा हितमा काम गर्नेछ । ताइवान प्रश्नजस्ता महत्त्वपूर्ण र संवेदनशील मुद्दाहरूलाई चीन-अमेरिकाको तिनै तीन सिद्धान्तअनुसार उचित तरिकाले समाधानको पहल गरिनेछ ।' *रासस⁄सिन्ह्वा*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLOWER SWEET COMPANY FOR SWEETS AND PASTRIES.

पूर्व स्वीकृति मिति २०७९/०८/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१० LT No.252139 चलानी नं ६०१६९०८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 7 | 0 | 100 | ४३,२१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 3 | 0 | 130 | ५६,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351

Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEFORT NEIL LIMITED IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०१/०६ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/१० LT. 284985 चलानी नं. ६०२००४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1200 | ४१,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AGRICODE GREEN SDN. BHD.

पुर्व स्वीकृति मिति २०८०/०२/१० LT. No. 286535 चलानी नं. ६०२०१९१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Harvest Worker | 25 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : IMS PRECISION ENGINEERING SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०२/१० LT. No. 286536 चलानी नं. ६०२०१९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 20 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75

**BIGYAN HR MANAGEMENT PVT. LTD.**

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONGEE RICE NOODLE RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/०१/०६ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/१० LT No :285053 चलानी नं. ६०२००९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 6 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : XINTA AUTOPARTS INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/२१ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०२/१० LT No : 271009 चलानी नं ६०१८७०५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५०० कामदार आफैले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८५/०५९/०६०

**B.M. Overseas Pvt. Ltd.**

Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4790292

E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BERKELEY WORLDWIDE POWERTRAIN SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२० LT. No. : 285499 चलानी नं.६०२००९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५९३/०७९/०८०

**Greenland Services Pvt. Ltd.**

"A Complete Ethical Recruitment Agency"

Basundhara,Kathmandu, Nepal

Tel: +977 1 5916353

Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HEE LAI TON RESTAURANT (PJSS13) SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०२/१० LT. No. 286524 चलानी नं.६०२०१९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 15 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**

Maharajganj-03, Basundhara, Kathmandu, Nepal

Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com

Website : www.allskillsintl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN CONSOLIDATED INDUSTRIAL CLEANING SERVICES CO. (TANDHEEF)

पूर्व स्वीकृति मिति २०७९/११/२८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/१० LT. No. :282430 चलानी नं. ६०१९७९१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 6 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EXPERTISE CONSTRUCTON COMPANY LTD

पूर्व स्वीकृति मिति २०८०/०२/१० LT. No. :286544 चलानी नं.:६०२०१९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

**All Asia Overseas Pvt.Ltd**

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PMI-TECHNOLOGY SDN.BHD.

पुर्व स्वीकृति मिति २०८०/०२/१० LT. No. 286488 चलानी नं.६०२०१९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PMI-TECHNOLOGY SDN.BHD.

पुर्व स्वीकृति मिति २०८०/०२/१० LT. No. 286489 चलानी नं.६०२०१९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PMI-TECHNOLOGY SDN.BHD.

पुर्व स्वीकृति मिति २०८०/०२/१० LT. No. 286487 चलानी नं.६०२०१९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ १८ गते (1st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 937/067/068

**Aseana International Pvt. Ltd.**

Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.

Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331

Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com

info@asenainternational.com,Website:- www.aseanainternational.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०९८०० | प्रति तोला – १०९३०० | प्रति तोला – १३६० |



**झरनामा पर्यटक** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा अवस्थित नर्थ अन्नपूर्ण हिमालको आधार शिविर जाने पदमार्गमा पर्ने फुतफुते झरनामा पुगेका आन्तरिक पर्यटक । पहाडभित्रबाट निस्कने यो झरना पर्यटकहरूका लागि आकर्षण बनेको छ । *तस्बिरः कमल खत्री/रासस*

# सिड्नी उडान गर्ने तयारीमा नेपाल एयरलाइन्स

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले अष्ट्रेलियाको सिड्नी विमानस्थलमा उडानको समय (स्लट) पाएको छ । सिड्नी विमानस्थलले निगमलाई सातामा दुई उडानका लागि अनुमति र स्लट दिएको हो । विमानस्थलले बिहीबार र शनिबारका लागि स्लट दिएको निगमले उल्लेख गरेको छ ।



विमानस्थलबाट उडानका लागि अनुमति पाएसँगै निगमले अष्ट्रेलियाली नागरिक उड्डयनसँग उडान अनुमतिका लागि आवश्यक कागजात बुझाएको छ । निगमका सहायक प्रवक्ता गणेशकुमार घिमिरेका अनुसार निगमको जहाज तत्काललाई सिंगापुरमा 'टेक्निकल अवतरण' गरेर सिड्नी उड्नेछ ।

'आगामी असार ६ गते (जुन २१ तारिख) लाई लक्षित गरेर उडान स्वीकृतिका लागि स्लट, अवतरण पर्मिटलगायतका लागि आवश्यक प्रक्रिया अगाडि बढिरहेको छ, स्लट पाइएको छ, बाँकी प्रक्रियामै छ', उनले भने । उडानका लागि निगमले हाल जिएसए (जनरल सेल्स एजेन्ट) छनोट लगायत प्रक्रिया पनि अगाडि बढाएको छ ।

त्यस्तै, निगमले सिंगापुर र सिड्नीमा इन्धनका लागि पनि कम्पनी छनोटको काम गरिरहेको उल्लेख गरेको छ । सिंगापुर र सिड्नी विमानस्थलका लागि एमआरओ (मेन्टेनन्स, मर्मत र अपरेशन) समेत छनोट गरिसकेको छ । निगमले वाइडबडी 'ए' ३३० जहाजबाट अष्ट्रेलियाको सिड्नीमा सिधा उडानको तयारी गरेको जनाएको छ ।

वायुसेवा निगमले यही जेठ २९ गतेदेखि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान सुरु गर्दैछ । सो अवसरमा निगमले मलेसियाबाट प्रवर्द्धनात्मक भाडादर रु ११ हजार चार सय ६१ कायम गरेको छ । यो मलेसियाबाट भैरहवा उडानका लागि मात्र हो ।

'मलेसिया-भैरहवा-काठमाडौंका लागि अत्यन्तै सस्तो शुल्कमा टिकट उपलब्ध गराएका छौं', निगमका सहायक प्रवक्ता घिमिरेले भने । उनका अनुसार मलेसिया-भैरहवाका लागि रु एघार हजार चार सय ६१ र मलेसिया-भैरहवा-काठमाडौंका लागि रु १२ हजार तीन सय ४६ भाडादर कायम गरिएको छ ।

निगमको उडान नम्बर आरए ४२१ जहाज जेठ २९ गते काठमाडौंबाट मलेसियाको क्वालालम्पुर उडान गर्ने र जेठ ३० गते आरए उडान नम्बर ४२२ जहाज क्वालालम्पुरबाट भैरहवा हुँदै काठमाडौं आइपुग्ने उडान तालिका रहेको छ । यो गन्तव्यमा निगमको न्यारो बडी 'ए' ३२० जहाजले उडान भर्नेछ ।

# अन्तिम चरणमा नीलगिरि जलविद्युत्

■ **प्रभाव संवाददाता**

**म्याग्दी–** म्याग्दीको नारच्याङस्थित नीलगिरि खोलामा ११० मेगावाट क्षमताका दुई वटा जलविद्युत आयोजना निर्माणको ८० प्रतिशत काम सकिएको छ । अन्नपूर्ण र नीलगिरि हिमालबाट बगेर आउने नीलगिरि खोलामा ३८ मेगावाट क्षमताको नीलगिरि पहिलो र ७१ मेगावाट क्षमताको नीलगिरि दोस्रो जलविद्युत आयोजना निर्माणाधिन छन् । विस २०७६ देखि शुरु भएको दुई वटै आयोजनाको प्रवर्द्धक कम्पनी नीलगिरि हाइड्रोपावरले संरचना निर्माण अन्तिम चरणमा पुगेको जनाएको छ ।

नीलगिरि हाइड्रोपावरका ईन्जिनियर रत्न बमजन तामाङले सुरुङ, विद्युतगृह, बाँध र प्रशारण लाईन निर्माणलाई पूर्णता दिन धमाधम काम भइरहेको जानकारी दिए । 'दुवै आयोजनाको बाँधस्थल, सुरुङ खन्ने र विद्युतगृह निर्माण काम सकिएको छ,' उनले भने, 'भौतिक संरचनालाई अन्तिम रूप दिनेसँगै इलोक्ट्रोमेकानिकलको काममा केन्द्रित भएका छौं ।'

नीलगिरि पहिलोको दुई हजार मिटर र दोस्रोको चार हजार दुई सय मिटर सुरुङ खन्ने काम सकिएर ढलान भइरहेको छ । पेनस्टक टनेल खन्ने काम सकिएर पहिलोको आठ सय मिटर र दोस्रोको १५ सय मिटर पेनस्टक पाइप जडानको काम थालिएको तामाङले जानकारी दिए ।

नीलगिरि पहिलोको विद्युतगृहबाट निस्कने पानीलाई बाँध बनाएर नीलगिरि क्यासकेडको सुरुङमा हाल्न मिल्ने गरी संरचना निर्माण गरिएको छ । नीलगिरि पहिलोको हुमखोलामा बाँध र छोटेपामा विद्युतगृह निर्माण गरिएको छ ।

क्यासकेडको विद्युतगृह दोभानदेखि नीलगिरि पहिलोको बाँध हुमखोलासम्म अक्करे पहाड र विकट क्षेत्रमा दुई वर्ष लगाएर १४ किलोमिटर पहुँचमार्ग निर्माण गरिएको थियो । आगामी छ महिनाभित्रमा दुवै आयोजना एकसाथ सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको आयोजनाका ईञ्जिनियर केशव वाग्लेले बताए ।

'हिमालको फेदीमा आयोजना निर्माण गर्नु हाम्रा सामु ठुलो चुनौती थियो,' उनले भने, 'हामीले सबै चुनौती र समस्यासँग जुधेर आयोजना निर्माण करिब अन्तिम चरणमा पुर्‍याउन सफल भएका छौं ।' आयोजनामा हाल पाँच सय जना प्राविधिक जनशक्ति र मजदुर परिचालन भएका छन् । यी दुई आयोजना नारच्याङको दुर्गम भेगमा पर्दछन् । कठिन भीरपहरा छिचोलेर आयोजनाको निर्माणस्थलसम्म पुग्न सडक निर्माण गरिएको छ । भौगोलिक विकटता, हिउँद याममा हिमपात हुँदा काम गर्न नसक्नु र कोरोना महामारी यो आयोजना निर्माणमा देखिएका चुनौति हुन् ।

# दोहोरो अंकले बढ्यो नेप्से परिसूचक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं - नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा १६ दशमलव ४९ अंकको वृद्धि देखिएको छ । बुधबार नेप्से परिसूचक शून्य दशमलव ८५ प्रतिशतले बढेर एक हजार नौ सय ५९ दशमलव १२ अंकमा कायम भएको हो ।

दुई सय ७० कम्पनीको ४८ लाख ६५ हजार चार सय ७५ कित्ता सेयर ३४ हजार आठ सय ४१ पटक खरिद बिक्री हुँदा रू एक अर्ब ८७ करोड ३० लाख १८ हजार बराबरको कारोबार भएको छ । वित्त, जलविद्युत् र म्युचुअल फन्ड समूहको उपसूचक क्रमशः सात दशमलव ४५, सात दशमलव ५१ र शून्य दशमलव ०३ अंकले घटेको छ । अरु सबै समूहको उपसूचक भने बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूहको उपसूचक दुई सय २० दशमलव ६६ र होटल तथा पर्यटन समूहको उपसूचक एक सय ७१ दशमलव ४७ अंकले बढेको छ ।

बैंकिङ समूह दुई दशमलव १५, विकास बैंक शून्य दशमलव ३०, लगानी शून्य दशमलव ३४, जीवन बिमा एक सय २० दशमलव २० र लघुवित्त समूह ७७ दशमलव ११ अंकले बढेको छ । त्यसैगरी, निर्जीवन बिमा समूह एक सय २१ दशमलव ४५, व्यापार समूह ३५ दशमलव १५ र अन्य समूह २१ दशमलव ०९ अंकले बढेको छ ।

आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा बुधबार सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सानिमा इक्विटी फण्डको सेयर मूल्यमा तीन दशमलव ७७ प्रतिशतको गिरावट देखिएको छ । कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू १४ करोड ६४ लाख ९१ हजार बराबरको तीन लाख २६ हजार ३४ कित्ता सेयर खरिद बिक्री भएको छ ।

# बन्दीपुर केबुलकारको लठ्ठाको भार परीक्षण सुरु

**तनहुँ –** तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा निर्माण गरिएको केबुलकार डेढ महिनाभित्र व्यावसायिक रूपमा सञ्चालनमा आउने भएको छ । केबुलकारको सम्पूर्ण काम सकिएको र अब परीक्षण सुरुआत भएको बन्दीपुर केबुलकार एन्ड टुरिजम लिमिटेडले जनाएको छ ।

लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले डेढ महिनाभित्र व्यावसायिक रूपमा सञ्चालनमा ल्याउने तयारीसहित परीक्षणको कामलाई अगाडि बढाइएको जानकारी दिए । शर्माले ल√ाको भार परीक्षणको काम सुरु भएको बताए । उनले भने, 'टावर जडानको काम सकियो, अब हामीमा ढिलोमा डेढ महिनाभित्र केबुलकार सञ्चालन गर्छौं, अब केबुलकारको परीक्षण सुरु गरेका छौं ।'

उनका अनुसार भार परीक्षणका लागि १५ दिन सामान बोक्ने डब्बा सञ्चालन गरिनेछ । उनले भने, 'उक्त डब्बामा ढुंगा पठाएर भार परीक्षणको काम भइरहेको छ, यसका लागि १०/१५ दिन त्यसको परीक्षण हुन्छ ।' त्यसपछि मान्छे बोक्ने डब्बाको परीक्षण हुनेछ । त्यसको अवधि पनि १५ दिनको रहनेछ । लगत्तै आकर्षक क्याबिनको परीक्षण गर्ने तयारी गरिएको छ । 'सबै परीक्षण सकिएर ४५ दिनपछि प्रमाणपत्र पाएर व्यावसायिक रूपमा सञ्चालनमा ल्याउँछौं', उनले भने ।

तीन चरणका काम सम्पन्नपश्चात् अन्तर ाष्ट्रिय प्रविधि तथा सुरक्षा गुणस्तर परीक्षण प्रमाणपत्र र अन्य सबै खालका सुरक्षा एवं सम्पन्न सम्बन्धित प्रमाणपत्र प्राप्त गरिने लिमिटेडका गुणस्तर एवं प्रविधि निर्देशक सुप्रियो मण्डलले जानकारी दिए । उनले भने, 'सुरक्षा र गुणस्तर पहिलो भन्ने कम्पनीको न्यूनतम मान्यता रहेकाले हतारमा प्रतिस्पर्धाका लागि मात्र केबुलकारलाई व्यावसायिक सञ्चालनमा ल्याउँदैनौं ।'

प्रति घन्टा पाँच सय यात्री बोक्न सक्ने क्षमता रहेको केबुलकार विभिन्न सिफ्ट गरेर दैनिक बिहान ६ देखि राति ११ बजेसम्म सञ्चालन हुनेछ । केबुलकारले साँझ ५ देखि राति ११ बजेसम्म रेष्ट्रो क्याबिन रेस्टुरेन्ट एवं आराम कक्ष सञ्चालन गरेर नयाँ स्वाद पस्किने तयारी गरेको निर्देशक तारानाथ उपाध्यायले जानकारी दिए । विसं २०७५ साउनदेखि केबुलकार निर्माणको कामलाई अगाडि बढाइएको थियो । ३९ प्रतिशतमात्र ऋण लिएको यस परियोजनामा एसबिआई बैंक र सहवित्तीयकरणका रूपमा एनएमबी बैंकको सहकार्य रहेको निर्देशक शिव शर्माले जानकारी दिए । पृथ्वी राजमार्गको केबुलकार चोकदेखि बन्दीपुरसम्म एक हजार सात सय मिटर लामो केबुलकारको तल्लो स्टेसनमा आकर्षक बगैंचा र पर्यटक कोर्ट असार १५ गतेदेखि सञ्चालन गर्ने तयारी गरिएको छ ।

केबुलकारसँगै पाँचतारे होटलको काम भने तीव्र गतिमा अगाडि बढेको छ । हाल दैनिक तीन सय कामदार परिचालन गरेर काम अगाडि बढाइएको छ । विसं २०८० मङ्सिरभित्र पाँचतारे होटल, माघभित्र सम्मेलन केन्द्र निर्माण सम्पन्न गर्ने लक्ष्य छ । जेठभित्र म्युजरुम, असारभित्र बाक्स म्युजियम, साउनभित्र जिपलाइन, भदौभित्र बन्जी, स्काइवाक, असोजभित्र रेष्ट्रो क्याबिन सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

यहाँ ल्यान्डस्क्यापिङ र कृत्रिम झरना पनि बनाइनेछ । बन्दीपुरको ऐतिहासिकता झल्कने गरी बन्दीपुर घडी : बन्दीपुर गार्डेन बनाउने लक्ष्य लिइएको छ । यस गार्डेनभित्र बटम स्टेसनको पाँच तला माथिबाट पानीको आकर्षक झरना बनाइनेछ । यसले पर्यटकलाई लोभाउने विश्वास गरिएको सञ्चालक उपाध्यायले जानकारी दिए । यसैगरी, वाटर पार्क, म्युजिकल वाटर शो बनाउने लक्ष्य छ ।

बन्दीपुर गाउँपालिका–४ ठूल्दुंगाबाट सुरु हुने केबुलकार सोही वडाको बरालथोकसम्म पुग्छ । केबुलकारबाट एसियाकै ठूलो दाबी गरिएको विमलनगरस्थित सिद्धगुफा पनि अवलोकन गर्न सकिनेछ । ठूल्दुंगास्वाँराबाट सुरु हुने केबुलकार सिद्धगुफाको छेउ हुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ । केबुलकारले एक किलोमिटर छ सय मिटर यात्रा गर्नेछ ।

केबुलकारको साधारण सेयरको सार्वजनिक निष्कासन (आइपिओ) खुल्ला गर्न सम्झौता भइसकेको छ । लिमिटेडको प्रतिसेयर अंकित मूल्य रु एक सय दरका २५ लाख ८० हजार कित्ता साधारण सेयर प्रचलित कानुनबमोजिम सार्वजनिक निष्कासन तथा बिक्रीका लागि सम्झौता भइसकेको छ ।रु तीन अर्ब ४९ करोड कूल परियोजना लागत रहेको कम्पनीको चुक्ता पूँजी रु दुई अर्ब १५ करोड रहेको छ । त्यसमध्ये चुक्ता पूँजीको दुई प्रतिशत अर्थात् रु चार करोड ३० लाख परियोजना प्रभावित स्थानीयवासीलाई छुट्याइनेछ । चुक्ता पूँजीको १० प्रतिशत रु २१ करोड ५० लाख सर्वसाधारणका लागि छुट्याइने लिमिटेडले जनाएको छ ।

आरकेडी रियल स्टेट एन्ड कन्स्ट्रक्सन प्रालि, पन्चासे केबुलकार एन्ड टुर्स प्रालि, टुरिजम इन्भेष्टमेन्ट फन्ड लिमिटेड, बन्दीपुर गाउँपालिका र स्थानीयवासीको लगानीमा केबुलकार परियोजना निर्माणको काम भइरहेको छ । लगानीदाता कम्पनी नेपाल र विदेशमा बस्ने नेपालीको कम्पनी हो, जहाँ एक हजार एक सयभन्दा बढी लगानीकर्ता रहेका छन् । *रासस*

घातक विषादीको प्रयोग नगरौं ।

- विषादीको प्रयोगले क्यान्सर, मस्तिष्कसम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने, रिंगटा लाग्ने, टाउको तथा शरीर दुख्ने जस्ता समस्याहरू देखिन सक्दछन् ।
- विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन् क्षमतामा समेत ह्रास आउन सक्छ ।
- विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँछ ।
- माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँदछ ।

त्यसैले, कृषि उत्पादनमा हानीकारक विषादीको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ